# परिच्छेद - एक

## परिचय

### १.१ समस्याकथन

विश्वमा पाइने विभिन्न चराचुरुङ्गी र पशुपक्षी मध्ये मानिस सर्वश्रेष्ठ चेतनशील प्राणी हो । चेतना स्तरको विकास निर्माण र परिमार्जनका लागि भाषाले महत्वपूर्ण स्थान ओगटेको कुरालाई नकार्न सकिंदैन । स्वर यद्यपि विभिन्न चराचुरुङ्गी र पशुपंक्षीमा पनि आ-आफ्नो भाषाको सम्प्रेषण नहुने होइन तर मानव जातिसँग मात्र बोलचाल र लेख्यरुपमा भाषाको प्रयोग गर्न सक्ने सामर्थ्य भएको कारणबाट मानिस मात्रले भाषाको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको पाइन्छ । भाषागत सीपको दक्षता र परिष्कारका लागि विभिन्न विधाको माध्यमबाट विद्यार्थीको स्तरअनुसारको शिक्षा दिइएतापनि कथा विधाले भाषा पाठ्यपुस्तकलाई उपयोगी बनाउन ठूलो भूमिका खेलेको हुन्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइ प्रक्रियाको महत्वपूर्ण साधन हो । राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनको सिफारिस अनुसार विद्यालय स्तरका पाठ्यपुस्तकमा समय सापेक्ष परिवर्तन गरिएको भनिएता पनि विद्यार्थीहरूको स्तर र अध्यापकहरूको शैक्षिक प्रक्रियाको तादम्यताको अभावमा पाठ्यपुस्तकको निर्दिष्ट लक्ष्य र उद्देश्य परिपूर्तिको क्रममा प्रश्न चिन्ह खडागर्नुपर्ने स्थिति देखिन्छ । अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवं अध्यापन गर्न सकिने भनिएतापनि सहायक पाठ्यसामग्रीको अभाव, पाठ्यपुस्तकमा हुनुपर्ने भाषाशैली, विषयवस्तु, प्रस्तुति, चित्राङ्कन आदिका पक्षमा रहेका कमजोरीहरू तर्फ सजग र सत्तर्क रहनु उत्तिकै आवश्यक देखिन्छ ।

विद्यालय तहका भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विद्यार्थीको स्तर, रुचि क्षमता अनुसारको भएमा मात्र कथा विधाले विद्यार्थीहरूको मानसिक, बौद्धिक, सामाजिक, नैतिक विकासमा प्रभाव पार्दछ र जीवन, दर्शन ज्ञान वृद्धिको सहायक मानसिक सन्तुष्टिका साथै

आत्मानुभूतिको माध्यम बन्दछ । तर हाम्रा विद्यालयका भाषा पाठ्यपुस्तकमा राखिएका कथाहरू पाठ्यक्रमको उद्देश्य अनुसार भाषिक सीप, विकास, शब्द संयोजन, लालित्य, प्राकृतिक मनोरमको उत्कृष्ट वर्णन आदिका निम्ति विद्यार्थी जागरुक भई साहित्य भण्डारमा योगदान दिने

मानसिकताको विकास गराउन सक्षम देखिंदैन । प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाबाट भाषिक सीप हासिल गर्न जीवनोपयोगी स्तर सुहाउँदो शब्द र वाक्य प्रयोग गर्न सक्षम देखिन्छ । पाठ्यपुस्तकमा प्रयुक्त संरचना पक्ष कतै फितलो पाइन्छ भने स्तर र छनोट हचुवा पाराले राखेको देखिन्छ, जस्ले गर्दा विद्यार्थीहरूमा कथाले शिल्प र शब्द भण्डारको विकासको साथै भाषिक क्षेमता बढाउन व्यक्तिभित्र रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन मद्धत गर्दैन । कथाको अध्ययन पश्चात् विद्यार्थीहरूलाई कथा लेख्नका लागि प्रेरणा दिने खालका अभ्यासहरूको अभावमा विद्यार्थी केवल पढ्नमा मात्र उत्प्रेरित देखिन्छ । अतः आफ्नो गाउँ, ठाउँ र परिवेश अनुसार सामाजिक वातावरण र समाजमा घट्न सक्ने विभिन्न घटनाहरूलाई कथानक बनाइ लेख्न प्रेरणा जगाउने अभ्यासको समेत टड्कारो आवश्यकता देखिन्छ ।

कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा समाविष्ट कथाहरू लेखन शैलीका दृष्टिले कुनै ज्यादा क्लिष्ट र कुनै ज्यादै सरल केवल मनोरञ्जन मात्र दिने खालका भएको हुँदा र स्तरयुक्त नभएको कारणले विद्यार्थीहरूको सिर्जनात्मक पक्षलाई समेत अल्मल्याइ दिएको प्रतित हुन्छ । भाषाको सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गर्न भाषापाठ्यपुस्तकमा समावेश गरिएको अध्ययन एवं अनुसन्धान आजको परिवेशमा निकै महत्वपूर्ण देखिन्छ । त्यसैले अनुसन्धानकर्ताले कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा समाविष्ट कथाका अध्ययनलाई समसामयिक शीर्षक अनुसन्धानको महत्वपूर्ण समस्याका रुपमा लिइएको हो ।

## १.२ अध्ययनको उद्देश्य

प्रस्तुत शोध अध्ययनका उद्देश्यहरू निम्नानुसारका छन् ।

क. प्राथमिक तह कक्षा-३ को नयाँ नेपाली श्रृंङ्खला पाठ्यपुस्तकमा समाविष्ट

कथाहरूको पाठ्यक्रम अनुरुपताका आधारमा  विश्लेषण गर्नु ।

ख. उक्त पाठ्यपुस्तकमा रहेका अभ्यासहरूको प्रकृतिको अध्ययन गर्नु ।

ग. कक्षा ३ का लागि समावेश गर्न उपयुक्त हुने कथाबारे सुझाव प्रस्तुत गर्नु ।

## १.३ अध्ययनको औचित्य

भाषाशिक्षण विना परिष्कृत र परिमार्जित भाषाको कल्पनासम्म गर्न सकिंदैन । नेपाल विभिन्न भाषाभाषि र विभिन्न जनजातिहरूको बाहुल्यता भएको देश भएको हुँदा क्षेत्रफलको हिसाबले निकै सानो देश भएता पनि भाषा र संस्कृतिका हिसाबले यो उत्तिकै विशाल पनि छ । यहाँ अनेक जात-जाति, धर्म-संस्कृति, वर्ग-सम्प्रदाय, भेष-भुषा र भाषा पाइन्छन् । ठाउँ-ठाउँमा बोलिने भाषाहरूमा भाषिकाको प्रभाव परेको पाइन्छ । त्यतिमात्र नभएर कतिपय शब्दहरूमा उल्टो अर्थदिने खालका शब्दहरू पनि नेपाली भाषाको बीचमा देख्न सकिन्छ । त्यसैले भाषाको निरन्तर विकास र विस्तार गर्दै जानका लागि भाषाशिक्षणले महत्वपूर्ण भूमिका खेल्दछ ।

पाठ्यक्रमको उद्देश्यलाई पूरागर्न भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको सबल शिक्षणले मात्र सम्भव हुन्छ । भाषा शिक्षणमा कथा विधाको केन्द्रीयता विद्यार्थीहरूलाई जीवनोपयोगी भाषिक ज्ञान हासिल गराउन शब्द, वाक्य, उखान, टुक्का, व्याकरण र सिर्जनात्मक अभ्यास गराउने हुनुपर्दछ । भाषापाठ्यपुस्तक कत्तिको उपयोगी छ भन्ने कुरा बालबालिकाको रुची क्षमता र स्तर अनुसारको आधारमा छनोट गरिन्छ । पाठ्यपुस्तकमा के कस्ता कथाहरू समावेश गरिंदा विद्यार्थीको स्तर क्षमता र रुची अनुसार चाखलाग्दा घटनाहरूमा कथानक गुम्फन भएको हुनुपर्छ भन्नेतर्फ ध्यानदिनु जरुरी छ र स्तर अनुसारका कथाहरूको प्रयोजन गरी कथाहरूलाई आफ्नै दैनिक जनजीवनमा घटेका वा घट्न सक्ने घटनाको यथार्थ चित्रण राम्रोसँग गरिएको हुनुपर्छ ।

कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा कथा विधाको अध्ययनले भाषाशिक्षणमा कथा केन्द्रीयतालाई महत्वपूर्ण ठानेर छनोट र स्तरणमा प्रभाव पार्नेछ । पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक निर्माताको ध्यान पाठ्यपुस्तकमा के कस्ता कथाहरू समाविष्ट

हुनुपर्ने, छनोट स्तरणको संयोजन गर्ने आधारहरू निर्णय गरेर पाठ्यक्रम पाठ्यपुस्तक निर्माणमा कथाको उपयुक्तता साथै प्रयाप्तताको पहिचान गराउनुपर्ने हुन्छ । उद्देश्य अनुरुप शिक्षण क्रियाकलापमा सुधार ल्याउन मद्धत पुऱ्याउने छ । पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको हालसम्म भएको अध्ययनबाट विद्यार्थीहरूमा राष्ट्रियताप्रति समर्पित भावना सामाजिक, नैतिक बन्धन र सामाजिक परिवेश अनुसारको कर्तव्य एवं मानिसको अन्तरहृदयमा उठ्न सक्ने संवेग र त्यसको पहिचान सम्बन्धी निर्दिष्ट बाटो दिने प्रयास गरिएको छ ।

विद्यार्थीको स्तर र क्षमतालाई ख्याल नगरिकन हचुवापाराले पाठ्यपुस्तकको निर्माण गर्दा भाषा लगायत अन्य विषयका पाठ्यपुस्तकहरूबाट उद्देश्यलाई एकातिर पन्छाएर शिक्षण कार्य भइरहेको हुन्छ । त्यस्तो नहुनका लागि पाठ्यक्रम निर्माताले पाठ्यक्रम निर्माणमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माताले विशेष ख्याल गरेर पाठ्यक्रमका उद्देश्यहरूलाई पूरा गर्ने खालका कथाहरू समावेश गर्नुपर्छ ।

## १.४ अध्ययनको प्रक्रिया

प्रस्तुत अध्ययन कक्षा ३ को 'नयाँ नेपाली श्रृङ्खला' पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा केन्द्रित छ । त्यसैले यस अध्ययनमा पाठ्यक्रममा भएका उद्देश्यहरूलाई महत्व दिएर निष्कर्षमा पुग्ने प्रयास उपयोगी ठानिएको छ । पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीहरूका लागि उपयोगी भए नभएको विद्यार्थीको स्तर रुचि र क्षमता अनुसार पाठ्यक्रमको उद्देश्य पूरा भए नभएको तर्फ ध्यानदिनु उत्तिकै आवश्यक छ ।

### क. सामग्रीको छनोट

यस अध्ययनको प्रयोजनको लागि कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकको पाठ्यक्रम र पाठ्यपुस्तकमा समाविष्ट कथाका पाठ्यवस्तुहरूलाई मुख्य स्रोतका रुपमा लिइएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा लेखिएका सामग्रीहरूलाई गौण सामग्रीको रुपमा लिइएको छ ।

### ख. व्याख्या तथा विश्लेषण

सैद्धान्तिक आधारहरू तयार गरेर सबै कथाहरूको विश्लेषणात्मक पद्धतिबाट गरिएको छ ।

## १.५ पूर्व अध्ययनको समीक्षा

कुनैपनि कार्यको योजना गर्नु भन्दा अगाडि विगत कार्यको मूल्याङ्कन गर्नु अति जरुरी हुन आउँछ । विगतको मूल्याङ्कन विना गरिएको योजना असफल मात्र हुने होइन कि त्यसको वर्तमान र भविष्यलाई समेत नराम्रो प्रभाव पार्ने हुन्छ । नेपाली भाषाशिक्षणमा कथा विधा महत्वपूर्ण मानिन्छ । कथा भाषाको अभिन्न अंग भएकोले यसको बारेमा गहिरो अध्ययनको अति आवश्यक छ । बालबालिकाको सुनाइ, बोलाइ, पढाइ र लेखाइको सम्बन्धमा कथा प्रमुख रुपमा देखा पर्दछ । बालबालिकाहरूलाई भाषाको सामान्य ज्ञान दिंदा उनीहरूले जानेका शब्द र रोचक विषयवस्तुलाई छानेर पाठ्यपुस्तकमा राखिएका कथाहरू बालबालिकाको शैक्षिक स्तरलाई ध्यान दिएर पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूले पठन बोध, वाक्य गठन, भाषिकसीप लगायत संगति विसंगतिको सुक्ष्म अध्ययन समेत गर्न सक्दछन् । प्रस्तुत शोध पत्रको उद्धेश्य पाठ्यपुस्तकमा राखिएका कथा विधाको अध्ययन भएको हुनाले साहित्य शास्त्रीय पुस्तकहरूमा कथाबारे परिभाषा, कथा तत्व, साहित्यिक र साहित्येत्तर कथाहरूको उपयोगिता र पाठ्यपुस्तक भित्रका कथाका बारेमा पूर्वाध्ययनमा भएको समीक्षा तल प्रस्तुत गरिन्छ ।

मानव जीवनको विकासक्रम सँगसँगै आख्यानको रुपमा विकास भएको विधा नै कथा विधा हो । कथा सम्बन्धी विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिएको पाइन्छ । ती मध्ये केही विद्वान्हरूको परिभाषा तल दिइएको छ । लक्ष्मीप्रसाद देवकोटाका अनुसार “कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । ” “थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको पानी हो । ................ यो पनि एउटा संसार हो र महान संसार हो । ” थापा २०५०, १५१/६० लिका अनुसार “एक केन्द्रिय चरित्रको जीवन सम्बन्धि महत्वपूर्ण घटना वा मनोदशाको संक्षिप्त नाटकीय स्वरुपद्वारा प्रतिनिधान गरिने वस्तु कथा हो ।” ( बराल २०४८, ३३ ) मुनि वात्सयानका अनुसार “कथा मनोरम लेखन अभिश्रवण र कथानकका रुपमा हुने रमाइलो गद्यात्मक आख्यान विशेष हो ।” कसैको दृष्टिकोणमा कथा एउटा चौतारीको विसौनी हो जहाँ भरियाहरू आफ्ना पसिना पुछ्दै थकित सुस्केरा फाल्न सक्छन् । कथाका उपकरण वा

तत्वहरू मोटामोटीरुपमा सातवटा छन् । कथानक, क्रियाकलाप , चरित्र , घटना , संघर्ष , परिवेश कौतुहल ( बराल २०४८, ४७, - ८० )

कथानक-कथालाई आख्यानतत्व पनि भनिन्छ । कथामा कथानक, क्रियाकलाप घटना, संघर्ष परिवेश कौतुहल र मनस्थितिको विश्लेषण श्रृङ्खला, कथानक तत्वमा रहेका हुन्छन् । साहित्य भाषाको विशिष्ट उच्चतम् प्रयोग हो । कविता काव्य कथा, उपन्यास, नाटक आदि पढेर व्यक्तिले मानवीय अनुभव र चरित्रलाई पर्गेल्ने क्षमताको वृद्दि गर्छ । साहित्यबाट कथानक चरित्र, रुपशैली, विम्व, घटना र तिनको गुम्फन, शब्दप्रयोग परिवेश, द्वन्द्व आदिको उपयोगिता बारे व्याख्या विश्लेषण गरिन्छ भने साहित्य शिक्षणमा पाठलाई हेरेर पठनबोध, बुँदाटिपोट , शब्दार्थ, शब्द प्रयोग, वाक्य संरचनाको अभ्यासमा जोड दिनुपर्ने हुन्छ । ( अधिकारी २०५३, १७३-१७८ ) कथा एउटा साहित्य विधा हो । कथा विधाको शिक्षणबाट शब्दभण्डार, व्याकरण तथा भाषिकसीप सिकाइमा सहयोग पुर्‍याउँछ ।

नेपाली भाषा शिक्षणको सिलसिलामा कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला नेपाली पुस्तकमा समावेश गरिएको तीन शिकारी लोककथा बढी चाखपूर्ण र रोचक भएको हुनाले विद्यार्थीहरूले सम्झन सजिलो त हुन्छ तर लोककथाले विद्यार्थीहरूको सिर्जनात्मक शक्तिलाई उर्वराभूमिको रुपमा परिणत गर्न सक्छ वा सक्दैन भन्ने कुरातर्फ ध्यान दिनु उत्तिकै अनिवार्य छ । लोककथामा बढी काल्पनिकता र अस्वभाविकता हुने हुँदा पनि विद्यार्थीको स्तर अनुसार कक्षा ३ नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा लोककथा र पौराणिक कथाको ठाउँमा आधुनिक, ऐतिहासिक र नैतिक कथाहरू पनि राखिनु बढी सान्दर्भिक हुन्छ ।

## १.६ अध्ययनको सीमा

क) प्रस्तुत अध्ययन कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययनमा सीमित रहन्छ ।

ख) प्रस्तुत अध्ययन पाठ्यक्रमको उद्देश्य, पाठ्यक्रमका आधारमा वर्गीकरण, नमुना अभ्यासको विश्लेषणमा मात्र सीमित छ ।

## १.७ भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजन

भाषा शिक्षणमा कथाको महत्व अत्यधिक मात्रामा रहन्छ । भाषिक सीप र विकासमा नेपाली भाषाका कथा शिक्षणले धेरै सहयोग पुऱ्याउँछ । कथा भाषा शिक्षणका लागि अन्य विधा भन्दा लोकप्रिय र सरल मानिन्छ । त्यसैले पनि विद्यालयका सबै कक्षाहरूमा कथाहरू राखिएका छन् । यस शीर्षकमा कथा शिक्षणको प्रयोजन र औचित्यका बारेमा संक्षिप्त चर्चा गरिन्छ ।

## १.८ कथा शिक्षणको महत्व

भाषा शिक्षण गर्नुको प्रमुख प्रयोजन भाषिक सीप विकास गर्नु यसका लागि भाषा पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, नाटक, निबन्ध, जस्तो विधाहरूलाई समावेश गरिएको हुन्छ । त्यस मध्ये कथा विधालाई तल्लो कक्षादेखि उच्च तहसम्म नै प्रमुख विधाका रुपमा छनोट गरिएको छ । कुनै पनि साहित्यिक विधाप्रति पाठक वर्ग आकर्षित हुनाको प्रमुख कारण साहित्यले मानवलाई आनन्दानुभूति गराउँछ । त्यसमध्ये पनि कथा एक लोकप्रिय विधा मानिन्छ । चाहे लोककथा वा नीतिकथा होस् एक दुईवटा कथा नजान्ने मानिसहरू दुर्लभ नै होलान् । समाजमा आमाको काखमा हुँदादेखि वृद्धाबस्था सम्म पनि कथा त्यत्तिकै रोचक रुपमा भन्ने र सुन्ने गरिएको पाइन्छ । बोलाइको विकासमा सहयोग पुऱ्याउँछ । कथा शिक्षणद्वारा बालबालिकाको मनस्थिति स्वच्छ बनाउनमा ठूलो सहयोग पुग्दछ । कथा कुनैपनि समाजको अवस्थाको प्रतिविम्व भएकाले समाजलाई हेर्ने ऐनाको काम गर्नमा यसको ठूलो भूमिका रहेको हुन्छ । उल्लिखित कुराहरू पूरा गराउन नै कथा शिक्षण गरिन्छ । कुनैपनि भाषाको शिक्षणमा कथा विधाले शब्दभण्डार, वाक्यगठन, भावाभिव्यक्ति जास्ता सीपमा सहयोग पुऱ्याएको हुन्छ ।

## १.९ पाठ्यपुस्तकमा कथा समावेश गर्नाको औचित्य

प्राथमिक तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा नेपाली केही कथाहरू समावेश गरिएका छन् । राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय र राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनको सिफारिस अनुसार विद्यालय स्तरका पाठ्यपुस्तकमा समय सापेक्ष परिवर्तन गर्दै लोककथा र पौराणिक कथा गरी जम्मा ६ वटा कथाहरू समावेश गरिएका छन् । कथा विधाको उल्लेख प्राथमिक तहको दोस्रो परिच्छेदको “पाठ्यक्रम अनुरुपता” शीर्षकमा भइसकेको छ । भाषा पाठ्यक्रममा भाषिक विधाहरू समावेश गर्नुको आशय विद्यार्थीमा भाषिक सीप ( सुनाई , बोलाई , पढाइ , लेखाइ ) को विकास गराउनु नै हो । त्यसबाहेक ज्ञान गराउनु पनि हो । अतः यस शीर्षकमा मा.वि तहको पाठ्यपुस्तकमा कथा विधाको प्रमुख प्रयोजन र गौण प्रयोजनमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिन्छ ।

## १.१० मूल प्रयोजन

कथा शिक्षणको मूल प्रयोजन विद्यार्थीहरूले स्पष्ट एवं क्रमिकरुपले घटनाक्रमको वर्णन गर्न सक्ने, विचार गर्न सक्ने , कथाबोधबाट उत्पन्न हुनसक्ने संवेगात्मक अनुभूति र कल्पनाशक्तिको विकास गर्नु हो । यसका अतिरिक्त विद्यार्थीमा विभिन्न विषय क्षेत्रमा शब्दभण्डारको विकास गर्नु हो । यो वाहेक उखान टुक्काको विकास गर्नु, उखान टुक्का र वाक्यांशको ज्ञान तथा प्रयोजन गर्ने सुझाबको विकास गर्नु पनि हो । पाठ्यक्रमको उद्देश्यलाई पूरागर्न भाषा पाठ्यपुस्तकमा विधाहरूको समावेश गरिन्छ ।

अन्य कुराको अपेक्षा कथा बोधगम्यताका दृष्टिकोणले बढी उपयोगी हुन्छ । विद्यार्थीहरूमा कथाबाट सिर्जनात्मक क्षेमताको विकासका साथै शिक्षार्थीको चरित्र निर्माण गर्न सकिन्छ । कथा अन्य विधाको तुलनामा विषयवस्तुका दृष्टिले जटिल हुनु, वर्णनात्मक शैली हुन नेपाली भाषाको सरल वाक्यगठन तथा शब्द प्रयोग हुनु आदि कारणले समान्य बोध क्षमताको विकासका लागि र विभिन्न विषय क्षेत्रका शब्द भण्डारको विकासका लागि पनि निकै उपयोगी हुने देखिन्छ ।

कथाले शिक्षार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पार्दछ। यसले विद्यार्थीलाई विषयप्रति परिचित हुनाका साथै जीवन दर्शन बुझ्न र ज्ञान बुद्धिमा सहयोगीका रुपमा काम गरेको पाइन्छ। कथा शिक्षणबाट विद्यार्थीलाई मानसिक सन्तुष्टि प्राप्त हुनाका साथै नेपाली भाषामा लेखिएका विषयवस्तुहरू प्रस्तुतिकरणको ढाँचा, भाषिक क्षेमताको वृद्धि गर्नमा मद्धत पुग्दछ। त्यसैगरी विद्यार्थीहरूमा शब्दभण्डारको विकास, अभिव्यक्ति शिल्पमा देखिने भिन्नताको परिचय साथै पढाइप्रति रुचि जागरण पनिफन्ट शिक्षणको प्रयोजन रहेको देखिन्छ।

कथा शिक्षणबाट विद्यार्थीहरूको व्यक्तिभित्रको निहित प्रतिभाको प्रष्फुटन गर्ने, काल्पनिकता र सृजनशीलताको विकास गराउन सहयोग पुऱ्याउने हुनाले वर्णनात्मक शैलीको विकासका लागि महत्वपूर्ण भूमिका खेल्दछ। कथा शिक्षणले भाषातत्वका बारेमा परिचित भई उखान टुक्का, वाक्पद्धति शब्दभण्डारको विकासमा समेत ठूलो सहयोग पुग्दछ।

बोध क्षमताको विकासका लागि सरल सहज रुपमा बगेको भाषाको आवश्यकता पर्दछ। अन्य विषयमा त्यस्तो भाषा तुलननात्मक दृष्टिले कमै मात्रामा प्रयोग भएको हुन्छ तर कथामा भाषिक दृष्टिले हेर्दा सरल बोधगम्य भाषाको प्रयोग हुन्छ। त्यसकारण भाषिक सीप विकासमा यसले ठूलो सहयोग पुऱ्याएको हुन्छ।

कथा शिक्षणबाट विद्यार्थीहरू आफ्नो वरिपरि भएका घटनाक्रमलाई मिलाएर सिर्जनात्मक लेखन गर्न, हिज्जे शुद्धि गराउन, शुद्ध उच्चारण गर्न, शब्द निर्माण प्रक्रियाको अभ्यास गर्न सहभागी सामग्रीका रुपमा प्रयोग गर्न सक्दछन्। कथाका माध्यमले व्याकरणको ज्ञान प्राप्त गर्न सक्दछन्। पाठ्यपुस्तकमा प्रयुक्त कथा पाठबाट वाक्यसंगति, पदवर्ग, काल भाव, वाच्य आदिको अभ्यास गर्न अन्य विधा भन्दा विशेष सजिलो हुन्छ। त्यसैले विशेष कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा कथा विधा समावेश गर्नु परेको हो।

## १.११ गौण प्रयोजन

माथि ३ नम्बरमा उल्लेख गरिए बाहेक अन्य विविध प्रयोजनका लागि पनि कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा कथाहरूलाई समावेश गरिएको हुन्छ । तिनको संक्षिप्त चर्चा तल गरिन्छ ।

### १. सामाजिक अवस्थाको यथार्थ जानकारी दिनु

प्रत्यक्ष रुपमा कथा पाठबाट विद्यार्थी वर्गले भाषिक सीपको विकास गर्ने भएपनि परोक्ष वा गौंण रुपबाट समाजमा रहेका विसंगति र विकृतिहरूलाई सार्थक रुपमा पाठक समक्ष प्रश्तुत गर्दै आदर्शोन्मुख समाजको विकासमा सहयोग पुगोस भन्ने उद्देश्यले कथाहरूको छनोट गरिएको पाइन्छ । यस्ता कथाहरू विविध प्रकारका छन् ।

### २. मनोविज्ञानको ज्ञान प्राप्त गर्नु

मनोविज्ञान भनेको मानिसभित्र रहेको विचार बुझी प्रतिक्रिया देखाउन सक्ने सीप हो । नेपाली पाठ्यपुस्तकमा संकलित वी.पी. कोइरालाको “दोषि चस्मा” मनोविश्लेषणत्मक कथा हो । कथाकारले त्यसको माध्यमबाट मानिस भित्रका विचारलाई पत्र पत्र केलाएको छ । दोषी चस्मामा दासमनोवृत्तिको यथार्थ चित्रण गरेको पाइन्छ । दासमनोवृत्तिले यथार्थरुपमा दासत्वको मनोवृत्तिको भूमिका निर्वाह गर्न नसक्दाको पीडालाई प्रस्तुत कथाले राम्रोसँग प्रष्ट्याएको पाइन्छ ।

### ३. देश भक्तिपूर्ण भावनाको विकास गर्नु

कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा समाविष्ट कथा मध्ये “आमाबाबुका भक्त गणेशजी” कथाले राष्ट्र र राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रतालाई आफूभन्दा पनि निकै माथि राखेको देखिन्छ र प्रत्येक नागरिकलाई राष्ट्रिय स्वार्थका निम्ति ज्यानको बलिदान दिनुपर्ने पाठ सिकाउन सफल देखिन्छ । “वीर जवान हो आज मर्ने र मार्ने दिन हो खबरदार, कोही पछि

नहटुन हाम्रो एक जवान र एक गोली शेष रहेसम्म पनि दुश्मनलाई एक पाइलो बढ्न दिनुहुन्न" जस्ता वीरतापूर्ण साहसले प्रत्येक स्वाभिमानी नेपालीको शिर उठाएको पाइन्छ ।

## १.१२ शोधपत्रको रुपरेखा

कक्षा ३ को नयाँ नेपाली श्रृङ्खलाको पाठ्यपुस्तकमा समाविष्ट कथाहरू अध्ययन शीर्षकको यो शोधपत्रको रुपरेखा निम्न प्रकारले विभाजन गरिएको छ ।

परिच्छेद एक :- समस्याकथन, अध्ययनको उद्धेश्य, अध्ययनको औचित्य, अध्ययन प्रक्रिया, पूर्वकार्यको समीक्षा, अध्ययनको सीम र पाठ्यपुस्तकमा कथा समावेश गर्नुको औचित्य र भाषाशिक्षणका दृष्टिले कथाके प्रयोजन रहेका छन् ।

परिच्छेद दुई :- प्राथमिक पाठ्यक्रममा कथा विधालाई दिइएको समय र अंक तथा क्षेत्र र क्रम ।

परिच्छेद तीन :- पाठ्यक्रम अनुरुपताका दृष्टिले नयाँ नेपाली श्रृंङ्खलाम समाविष्ट कथाहरूको विश्लेषण ।

परिच्छेद चार :- पाठ्यपुस्तकका कथाहरूमा दिइएका नमुना अभ्यासको विश्लेषण ।

परिच्छेद पाँच :- निष्कर्ष र सुझाव ।

# परिच्छेद - दुई

## प्राथमिक पाठ्यक्रममा कथा विधालाई दिइएको समय र अंक तथा क्षेत्र र क्रम

प्राथमिक तहको पाठ्यक्रममा कथा विधा राखिएको छ । यस विधाबाट पाठ्यक्रमको उद्देश्य कार्यान्यवन गर्न विभिन्न किसिमका कथाहरू पाठ्यपुस्तकमा राखिएको पाइन्छ । यस परिच्छेदमा प्राथमिक पाठ्यक्रममा कथा विधालाई दिइएको समय र अंक तथा क्षेत्र र क्रम बारे जानकारी दिने प्रयास गरिएको छ ।

## २.१ पाठ्यक्रमको परिचय

### २.१.१ पाठ्यक्रमको अर्थ र परिभाषा

परम्परागत धारणा अनुरुप बालबालिकालाई अध्ययन गराउने विषयवस्तुको रुपमा पाठ्यक्रमलाई हेर्ने गरिन्थ्यो । आजभोलि पाठ्यक्रमलाई व्यापक अर्थात् विद्यालयको सम्पूर्ण जीवन र कार्यक्रमका सन्दर्भमा प्रयोग गरिन्छ ।

पाठ्यक्रमको अर्थलाई प्रष्ट पार्ने क्रममा केही परिभाषाहरू उल्लेख गर्नु उपयुक्त हुने भएकाले यहाँ प्रश्तुत गरिन्छ । Soilor/Alexander का अनुसार “विद्यालयको भित्री तथा बाहिरी अवस्थामा अपेक्षित उपलब्धि प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई नै पाठ्यक्रम भनिन्छ । ( पौड्याल २०५१।१ )

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा उल्लेख भए अनुसार पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो । Dictionary of Education मा उल्लेख भए अनुसार पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत मूल्याङ्कनका साधन आदि बुझिन्छ, जसलाई विद्यालय भित्र तथा बाहिर, कक्षाकोठा शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा योजनाबद्ध प्रयार हुन्छ ।

उपयुक्त परिभाषहरूले पाठ्यक्रमको अर्थ स्पष्टपार्ने क्रमलाई एउटा योजना तथा साधनको रुपमा देखाउने प्रयास गरेका छन् । जसले शैक्षिक उद्देश्य तथा परिपूर्तिको मार्ग

देखाउँछ । यसरी पाठ्यक्रमलाई एउटा विषयसूची र कक्षाकोठामा मात्र सीमित नराखी व्यापक रुपमा बनाइएको शैक्षिक कार्यक्रमको रुपमा लिनुपर्ने हुन्छ ।

पाठ्यक्रमलाई सिकाइ अनुभवहरू प्रदान गर्ने भनौं वा शिक्षाका उद्देश्यहरू हासिल गर्नका लागि संगठित गरिएको एउटा कार्यक्रम हो भन्न सकिन्छ । पाठ्यक्रममा विद्यार्थीहरूको व्यक्तित्वको चौतर्फी विकास गर्ने शिक्षक, विद्यार्थीद्वारा गरिने सम्पूर्ण कार्यकलाप समावेश गरिएको हुन्छ । यसमा शिक्षाको उद्देश्य प्राप्त गर्न आवश्यक साधारण तथा कक्षागत उद्देश्यहरू र मिल्दो पाठ्यांश समावेश गरिएको हुन्छ । त्यसैगरी उद्देश्य र विषयवस्तु अनुरुप अध्यापन विधि, कार्यकलाप, शैक्षिक सामग्री तथा मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको हुन्छ ।

## २.२ पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध

पाठ्यक्रम र पाठ्यपुस्तक बीच घनिष्ट सम्बन्ध रहन्छ । पाठ्यपुस्तक र पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न, विषयवस्तुलाई स्पष्ट पार्न त्यसको सीमा निर्धारण गर्न तयार पारिएको सामग्री हो । त्यसैले पाठ्यक्रमकै आधारमा पाठ्यक्रमकै उद्देश्य पूरागर्न विषयवस्तु अनुरुप पाठ्यपुस्तक निर्माण गरिन्छ । ( पौड्याल २०५१, २ ) पाठ्यक्रममा राखिएको सबै विषयवस्तुले पाठ्यक्रमको उद्देश्यलाई प्रतिविम्वित गरेको हुनुपर्छ ।

प्राथमिक तहको अनिवार्य नेपाली पाठ्यक्रमका आधारमा नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तक निर्माण गरिएको छ । कतिपय कुराहरू पाठ्यक्रममा उल्लेख भएपनि पाठ्यपुस्तकमा नहुनु चाहिँ पाठ्यक्रमको सम्बन्ध विच्छेद गर्नु जस्तै भएको देखिन्छ । कथा विधा अर्न्तगत पाठ्यक्रममा राखिएका सबै कथाहरू पाठ्यपुस्तकमा प्राप्त नहुनु, कथाको लम्बाइमा विविधता हुनु, छनौट र स्तरणमा अनियमितता हुनु जस्ता त्रुटिहरूले पाठ्यक्रमको सम्बन्ध नभए जस्तो लाग्दछ , तर पनि समग्र रुपमा पाठ्क्रममा राखिएका सबै उद्देश्यलाई धेर वा थोर जसरी भएपनि समेट्ने विषयवस्तु राखेर पाठ्यपुस्तकको निर्माण भएको हुनाले पाठ्यक्रमसँगको सम्बन्ध नभएको भनेर खोट लगोने ठाउँ देखिँदैन ।

कथासँग सम्बन्धित उद्देश्यहरू निम्न प्रकारका छन् ।

१. प्रसङ्ग अनुसार अनुच्छेद छुट्याइ लेख्न ।

२. पढेका कुराको भावार्थ लेख्न ।

३. पढेका पाठहरूको भावविस्तार गरी लेख्न ।

४. पढेका नेपाली सरल साहित्यिक रचनाहरू बुझी सिलसिला मिलाएर लेखेर व्यक्त गर्न

५. सिलसिला मिलाएर सरल मौलिक रचनाहरू लेख्न ।

६. उखान टुक्काहरूलाई वाक्यमा प्रयोग गरी लेख्न ।

प्राथमिक तहको नयाँ नेपाली श्रृङ्खला विषयको पाठ्यक्रममा माथिका उद्देश्यहरू राखिएका छन् । उक्त ६ वटा कुराहरू कथा शिक्षणबाट पूरा गर्न सकिन्छ । त्यसकारण उद्देश्यका दृष्टिकोणले कक्षा ३ मा संकलित कथाहरूलाई उद्देश्य अनुरुपता भएको मान्न सकिन्छ ।

माथि उल्लेखित १ देखि ५ नम्बर सम्मका उद्देश्यहरू पूरा गर्न अन्य विधाले पनि मद्दत पुऱ्याउने देखिन्छ । नम्बर '६' को उद्देश्य पूरा गर्न कथा विधाको मात्र भूमिका रहन्छ । तर यो उद्देश्य पूरा गर्नका लागि कथामा प्रशस्त उखान टुक्काको प्रयोग हुनुपर्दथ्यो अर्थात् प्रशस्त उखान टुक्का प्रयोग भएका कथाहरू समावेश गरिनुपर्दथ्यो ।

## २.३ भाषिक सीप विधाको क्षेत्र र क्रम

क्षेत्र भन्नले विधाले ओगटेको स्थान र क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ । कथा विधाको क्षेत्र निर्धारण गर्दा एकैकिसिमका कथाहरू राखियो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा हुन सक्दैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तु संकलन गर्नु सवल पाठ्यक्रमको गुण मानिन्छ । पाठ्यवस्तु भएर मात्र पनि हुँदैन । त्यसको क्रमिकतामा पनि त्यत्तिकै ध्यान दिनु पर्दछ । यसरी क्रम मिलाउँदा सरलबाट जटिलतिर उन्मुख गराउनु पर्दछ । कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला विषयको पाठ्यक्रममा पनि यस किसिमको नीति अपनाइएको पाइन्छ । कथा

विधामा पौराणिक कथा, रुसी लोककथा, जीवनीमूलक लोककथा र लोककथा राखिएको छ । यिनको संक्षिप्त परिचय तल दिइन्छ ।

## २.४ छनोट र स्तरण

पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्दा छनौट र स्तरणको पनि भूमिका रहेको हुन्छ । सीमित समयमा असीमित विषयवस्तुको अध्ययन अध्यापन गर्नुपर्ने भएकाले पाठ्यक्रमको उद्देश्य देशको वस्तुगत आवश्यकता अनुकूलको समय, विद्यार्थीको रुची र आवश्यकता, आदिलाई ध्यानमा राखेर विषयवस्तु छान्ने कार्य छनौट गर्ने हो भने स्तरणले के सिकाउने मात्र होइन कुन श्रृङ्खला तथा पूर्वाधार सम्बन्धमा सिकाउने भन्ने कुराको संकेत गर्दछ । स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुलाई मनोवैज्ञानिक तथा शैक्षिक आधारमा क्रमिक रुपमा उकास्तै लैजानु वा उन्नयन गर्नु हो । ( अधिकारी २०४३, १५१ ) यसका तुलनामा छनोटले खास तहका लागि पाठ्यवस्तुहरूको सूची तयार गर्ने काम गर्दछ । उक्त सूचीलाई शिक्षणीय दृष्टिले अनुक्रम मिलाउने काम छनोटबाट मात्र सम्भव हुँदैन । यसरी छनौट पाठ्यवस्तुहरूको क्षेत्र तथा परिमाणसँग सम्बद्ध रहन्छ भने स्तरण चाहिँ शिक्षण प्रक्रियासँगै स्पष्ट सम्बद्ध हुन्छ ।

## २.५ पाठ्यक्रमले तोकेको अंक विभाजन र समय विभाजन

कुनैपनि भाषा पाठ्यक्रममा विविध विधाहरू समावेश गरिएको हुन्छ । जस मध्ये कुनै विधालाई कति समय दिने र कूल अङ्कको कति प्रतिशत अंक विधागत रुपमा दिने भन्ने कुरा उल्लेख हुनपर्दछ । भाषिक सीप विकासमा विधागत महत्वका आधारमा समय र अंकलाई प्राथमिकताक्रममा राखिनु पर्दछ । प्राथमिक तहको अनिवार्य नेपालीभाषा पाठ्यक्रममो पनि अङ्क र समय विभाजन गरिएको छ । यसको विवरण निम्न अनुसार छ ।

प्राथमिक तहमा पढाइ हुने समयमध्ये कक्षा- ३ को नेपाली विषयलाई साप्ताहिक १० घण्टी र वार्षिक ३०० घण्टी दिइएको छ । भाषामा यसका सीपहरूलई प्रतिशतमा देखाउँदा सुनाइ २५%, बोलाइ २५%, पढाइ २५% र लेखाइलाई २५% दिइएको छ । मूल्याङ्कनमा अङ्क विभाजन गर्दा सुनाइ र बोलाइलाई ४०, ४० र पढाइ र लेखाइलाई ३५, ३५ दिइएको छ । नेपाली विषयको कक्षा -३ को साप्ताहिक पाठ्यभार १० र वार्षिक पाठ्यभार ३०० छ । क्षेत्र तथ

क्रम तालिकामा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ छन् । भाषिक सीप विकासका क्षेत्रहरूमा उच्चारण , बोध, कार्यमुलक व्याकरण, शब्दकोश चित्रकोशदेखि सबै किसिमका सामान्य शब्दकोश सम्म , शब्दभण्डार प्राथमिक तहमा १००० शब्ददेखि ३००० शब्दसम्म , वाक्यमा शब्दसङ्ख्या ६ ओटा शब्ददेखि १२ ओटा शब्दसम्म राख्ने पाठ्यक्रममा उल्लेख छ । पाठ्यक्रमको प्रकृति अनुसार मिल्ने देखिन्छ । समग्र पाठ्यक्रमलाई विचार गर्दा नयाँ नेपाली श्रृङ्खलालाई छुट्टाइएको समय र अंक उचित मान्न सकिन्छ । छनोटका दृष्टिले यो समय र अंक विभाजनलाई उपयुक्त मान्न सकिंदैन । भाषा संश्लेषणमा सबभन्दा बढी प्रयोगमा आउने भाषिक सीप विकासका लागि कथा विधा नै हो । साहित्यको लोकप्रिय विधा पनि कथा नै मानिन्छ । कक्षा ३ को नयाँ नेपाली श्रृङ्खलामा ६ वटा कथाहरू राखिएका छन् । अर्कोकुरा कथा शिक्षण गर्दा कुन कथालाई कति समय दिने भनेर किटान गरिएको छैन त्यो पाठ्यक्रमको नै दुर्बल पक्ष मानिन्छ । पाठ्यक्रममा उल्लेख भएको समय र अंकभारलाई ध्यानमा राखेर कथाहरू पाठ्यपुस्तकमा राखिनुपर्ने हो त्यसप्रति पाठ्यपुस्तक निर्माताको ध्यान नगए जस्तो आभाष हुन्छ । फेरि मातृभाषा नेपाली हुने विद्यार्थीहरूका लागि शब्दभण्डार, वाक्यगठन र विषयवस्तुको पूर्वजानकारी हुने हुँदा यो समयलाई अनुपयुक्त नै भन्न नसकिएपनि इतर नेपाली मातृभाषी विद्यार्थीका लागि कथामा प्रयोग भएका शब्दहरू धेरै मात्रामा जटिल छन् । यसो हुनाले शब्दार्थ शिक्षणमा नै बढी समय दिनुपर्दछ । विषयवस्तुको ज्ञानमा पनि नेपालीको पहाडी परिवेशमा चलेका लोककथाहरू छन् । तराइमूलका विद्यार्थीहरूका लागि यो नौलो विषय बन्न जान्छ । त्यसैले समय बढी लाग्नु स्वाभाविकै हो । तर यस्ता कथाहरूले भाषिक सीप वृद्धिका साथै सामाजिक र चारित्रिक बनाउँछ जस्तै : बहादुर राजकुमार लोककथाले आजका समाजको विकृतिलाई समेत उजागर गरेको पाइन्छ ।

अंक विभाजनका दृष्टिले हेर्दा नेपाली भाषालाई छुट्याइएको १५० अङ्क उपयुक्त नै मान्नु पर्दछ । ६ वाटा कथा राख्नुलाई पनि पाठ्यक्रम अनुरुप नै भएको मान्नुपर्दछ ।

**सारांश**

प्राथमिक पाठ्यक्रममा कथाविधालाई दिइएको समय र अंक तथ क्षेत्र र क्रम उपयुक्त नै मान्नुपर्दछ । यस परिच्छेदमा पाठ्यक्रमको अर्थ, परिभाषा , पाठ्यक्रम र पाठ्यपुस्तक बीचको

सम्बन्ध र भाषिक सीप विधाको क्षेत्र र क्रम दिइएको छ । जसमा नेपाली विषयलाई पाठ्यभार १० र १५० अङ्क प्रदान गरिएको छ ।

# परिच्छेद - तीन

## पाठ्यक्रम अनुरुपताका दृष्टिले नयाँ नेपाली श्रृंखलामा समाविष्ट कथाहरूको विश्लेषण

कक्षा-३ को नयाँ नेपाली श्रृंङ्खलामा समाविष्ट कथाहरू जम्मा -६ ओटा छन् । त्यसम एउटा पौराणिक कथा, एक जीवनीमुलक कथा, एक रुसी लोककथा र तीनओटा लोककथा छन् । जसको क्रमशः विश्लेषण गर्ने प्रयास तल गरिएको छ ।

### ३.१ "सूर्य र वायु"

सूर्य र वायु कथा एक मनोरञ्जनात्मक लोक कथा हो । यहाँ कथाकारले अत्यन्त व्यवहारिक, यथार्थ कथा लेखि पाठकलाई मनोरञ्जन दिने काम गरेका छन् ।

प्रस्तुत कथामा सूर्य र वायु भन्ने दुईजना साथी थिए । उनीहरू चौपट्टै मिल्ने गर्दथे । एकदिन वायुमा घमण्ड आयो । उसले सूर्यसँग तँ भन्दा म ठूलो भन्यो । अनि सूर्यले कति सम्झाउँदा पनि वायु घमण्ड गर्न नछोडेकाले उनीहरूले एकजना बटुवाको लुगा फुकाल्ने बाजी राख्दछन् । वायुले भएभरको बल प्रयोग गर्दछ । तर बटुवाले झोलामा भएका कपडा पनि लगाउँछ । सूर्यले आफ्नो शक्ति प्रयोग गऱ्यो । अनि बटुवाले एकाएक सबै कपडा फुकाल्दछ । अनि वायु बाजीमा हार्दछ ।

सूर्य र वायु कथाले पाठकलाई बुद्धिमतापूर्वक काम गर्न सहयोग गर्दछ । हामीले कुनै पनि कार्य गर्दा घमण्ड गर्नु हुँदैन भन्ने कुरा पनि यहाँ दिइएको छ । वायुले हारेपछि सूर्यसँग मिलिजुली बस्ने काम गर्दछ ।

### ३.२ "वायुपङ्खी घोंडा"

वायुपङ्खी घोडा रुसी लोककथा हो । यस कथामा फूर्तिलो घोंडाको गुणगान गरिएको छ । यो घोंडा असाध्यै राम्रो थियो । यसले पाठकवर्गलाई घोंडाजस्तै गरी गाइवस्तु पाल्ने र बुद्धिमानीपूर्वक आफ्ना समस्या समाधान गर्न सल्लाह दिएको छ ।

कथा अनुसार एकादेशमा एउटा राजा थिए । उनको एउटा अत्यन्त राम्रो र फूर्तिलो घोंडा थियो । मानिसहरू सबै घोंडाको प्रसंसा गर्दथे । त्यसको नाम वायुपङ्खी थियो । एकदिन घोंडा विरामी हुन्छ । यो कुराले राजा असाध्यै चिन्तित हुन्छन् । अनि जसले मलाई मेरो प्यारो घोंडा मरेको खबर सुनाउला म उसको मुखमा किला ठोकिदिन्छु भनेर राजाले भन्दछन् । सबै सुसारेहरू राजाले कसको मुखमा किला ठोक्ने हुन् भनेर डराउन थाल्दछन् । एकजना बाठो नोकर जान्छ र राजाले तँ घोंडा मरेको खबर सुनाउन आइस् भन्दा घोंडालाई केही भएको छैन मात्र आँखा उघार्दैन, खुट्टाले टेक्दैन, सास फेर्दैन र दाना खाँदैन यत्ति मात्र फरक छ । तर तपाईंले किला ठोक्ने भन्नु भएको थियो । अब आफूलाई किला त ठोक्नुहुँदैन भन्दा राजा जिल्ल पर्दछन् ।

एउटा बुद्धिमानी नोकरले सबै नोकरलाई बचायो । हामीहरू पनि त्यहि सुसारे जस्तै बुद्धिमानीपूर्वक काम गर्नुपर्दछ भन्ने कुरा यस कथाले शिक्षा दिएको छ ।

## ३.३ “तीन शिकारी”

तीन शिकारी कथा अत्यन्त रोचक छ । यो पढ्दा पाठकवर्ग पेटमिचिमिचि हाँस्न बाध्य हुन्छन् । यस कथाले शिकारीहरू वनमा गएको , कालिज मारेको, तिनीहरू बीच बाजी थापेको र एकजनाले बुद्धिमतापूर्वक सिङ्गो कालिज खान सक्षम भएको कुरालाई खुलस्त पारेको छ ।

कथामा एक गाउँमा तीन शिकारी थिए । दुईजना शिकारी बूढा थिए । एउटा चाहिँ तन्नेरी थियो । उनीहरू जङ्गलमा शिकार गर्न जान्छन् । दिनभरमा एउटा कालिज मार्दछन् । साँझ जङ्गलमा एउटा छाप्रो बनाउँछन् र आगो बालेर बस्दछन् । तन्नेरी शिकारीले यो कालिज एउटैले खानुपर्दछ भन्यो र ढिलो समयसम्म नबोली बस्नेले सिङ्गो कालिज खान पाउने निर्णय भयो । एक घण्टा वित्यो, दुई घण्टा वित्यो , तीन घण्टा वित्यो सबैले एकअर्काको मुख हेर्दछन् तर कोही पनि बोल्दैनन् । अनि तन्नेरी शिकारीले नबोलीकन कालिज काटकुट पार्‍यो र

खाइ सिद्धयाउन आँट्यो । अनि दुई शिकारी बोले तिमीले किन एक्लै खायौ । ल तिमीहरू बाचामा हाऱ्यौ । अब यो टुक्रा पनि म नै खान्छु भन्दा तन्नेरी शिकारीले बूढा शिकारीले कपाल कन्याउन थाले ।

तीन शिकारी कथामा पहिले शिकार खेल्न वनमा जाने चलन र एउटा कालिज मात्र मारेर बुद्धिमान् शिकारीले सबै कालिज खाएको अनि बूढा शिकारी रातभर भोकै बसेको देखाएको छ । कामगर्दा सबैले मिलिजुली गर्ने र मिलिजुली खाने गर्नु पर्दछ भन्ने शिक्षा यस कथाले दिएको छ ।

## ३.४ “आमाबाबुका भक्त गणेशजी”

आमाबाबुका भक्त गणेशजी कथा पौराणिक लोककथा हो । यस कथामा आमाबाबु प्रतिको भक्ति भावनालाई प्रष्ट्याउने काम भएको छ । देवताहरू एक ठाउँ भेला हुन्छन् र सबभन्दा पहिले कुन देवताको पूजा गर्ने भन्दा सबैले आफ्नो हुनुपर्ने कुरामा जोड दिन्छन् । त्यसपछि बाजी शुरुहुँदा गणेशजी विजया हुन्छन् ।

कथा अनुसार एक दिन देवताहरू एकठाउँमा भेला हुन्छन् । देवताका राजा इन्द्रले सबभन्दा पहिले कुन देवताको पूजा गर्ने भन्ने कुरा निकाल्दछन् । सबैले आफ्नो पहिले पूजा हुनुपर्ने कुरामा जोड दिन्छन् । सबै ब्रमाजीकोमा पुग्दछन् । ब्रमाजीले जो सबभन्दा पहिले पृथ्वीको एकपटक परिक्रमा गरेर आउँछ त्यसको पूजा पहिले हुने बताउँछन् । सबै चरामा, घोंडामा र हात्तिमा चढेर पृथ्वीको परिक्रमा गर्न जान्छन् । शिव पार्ततीका छोरा गणेशजीलाई धेरै पीर पर्दछ अनि उनी शिव पार्वती भएको ठाउँमा गए र मुमालाई एकछिन बुवा भएको ठाउँमा जान भने । गणेशले मुसामाथि चढेर आफ्ना आमा र बुवाको ७ पटक परीक्रमा गरी पर्णाम गरे । अनि ब्रमाजी भएको ठाउँमा आए । आमा भनेको पृथ्वी र बाबु भनेका भगवान् ब्रमाको सृष्टि भगवान्ले गर्दछ । गणेशजीको पहिले पूजा हुने भयो । अरु देवताहरू गणेशजी भन्दा धेरै ढिलो आए । एकजना देवतालाई सबभन्दा पहिले गणेशको पूजा हुनुपर्ने कुरा पटक्कै मनपरेन । अनि सोधे गणेशजी पृथ्वीको परीक्रमा गर्न नै जानुभएन कसरी उहाँको पहिले पूजा हुन्छ भन्दा ब्रमाजीले गणेशजीले १ पटक होइन ७ पटक गर्नु भयो भन्नुभयो ।

उक्त कथामा आमाबाबुको भक्ति गर्नुपर्दछ र कुनैपनि कुरा बुद्धिमतापूर्वक गर्नुपर्दछ । अनि मात्र हरेक काममा सफलता प्राप्त गर्न सकिन्छ र सोध्दा बूढापाकालाई सोध्नुपर्दछ भन्ने कुरा पनि देखाइएको छ ।

## ३.५ "बहादुर राजकुमार"

यस कथामा राजकुमारको बहादुरी पनलाई देखाइएको छ । बुद्धिले गर्दा एकजनाले सिङ्गो देशलाई बचाउन पुगेका छन् । अनि राजकुमारको बुद्धिमता र बलियोपनको पनि उल्लेख गरिएको छ ।

कथा अनुसार एकादेशमा एउटा राजा थिए । उनको नाम महावीर थियो । उनका ५ वटी रानी थिए र ५ वटा छोरा थिए । ती मध्ये काहिँला राजकुमार निकै बुद्धिमान र बलिया थिए । सौतेनी आमाका पेचले राजकुमार एकदिन सुटुक्क भागेर विदेश जान्छन् । अनि एकजना बुढी आमैकहाँ वास माग्दछन् । बूढीले राती राक्षस आएर आफूलाई खाने हुनाले नबस्न अनुरोध गरिन् । अनि राजकुमार राती त्यहीँ वास बस्ने निर्णय गर्दछन् । राती राक्षस आउँछ । ढोका खोल्न भन्दछ । राजकुमारले जे गर्छस् गर । ढोका खोल्दिन भनेपछि राक्षसले दाह्रा किट्न, रौं फाल्न, थुक्न र हात झिक्न आदेश दिन्छ । राजकुमारले जाँतोमा ढुङ्गा पिस्ने, पराल फाल्ने, दहीको ठेकी खन्याउने र फलामको सनासो बाहिर फाल्ने गर्दछन् । यो सबै कुरामा राक्षरस हार्दछ । अनि त्यो गाउँ छाडेर भाग्दछ ।

राजकुमारले राक्षसलाई भगाएको कुरा देशभर फैलिन्छ । राजा असाध्यै खुशी हुन्छन् र राजकुमारलाई स्यावासी दिन्छन् । आफ्नी छोरीको विहे राजकुमारसँग गरिदिन्छन् र उनलाई युवराजधिराज घोषित गर्दछन् । यसरी एउटा राजकुमारको बहादुरीपनले गर्दा सिङ्गो देशका मानिसहरूको ज्यान बँच्यो । त्यसैले हामीले पनि काम गर्दा अरुलाई भलोहुने किसिमले बुद्धि पुऱ्याएर गर्नुपर्दछ भन्ने कुरा यहाँ शिक्षा दिएको छ ।

## ३.६ "लेखनाथ पौड्याल"

लेखनाथ पौड्याल जीवनीमूलक कथा हो । यो कथामा हामी पनि ठूलाले अर्ती दिँदा रिसाउनु हुँदैन अनि त्यसलाई ईखको रुपमा लिई ठूलो मान्छे बन्नु पर्दछ भन्ने दिइएको छ ।

उहिले कास्की जिल्लाको अर्घौं अर्चले भन्ने ठाउँको हरियो चौरमा दुईजना साना गोठालो र ठूलो गोठालो गाइवस्तु चराउँथे । ठूलो गोठालो सानो गोठालाको काका पर्दथ्यो । सानो गोठालो ९ वर्षको थियो । ऊ विहान साँझ स्कुल जान्थ्यो र दिनमा गाईवस्तु चराउँथ्यो र पढ्थ्यो पनि । ठूलो गोठालोले साना गोठालालाई फुच्चे गाईवस्तु हेर् भनेर आफू चौतारीमा गई भोटोबाट कपि र कलम निकालेर कविता लेख्न थाल्दछन् । सानो गोठालो पछाडि गएर हेर्दछ । अनि काकाले लेखेको कविता भाकाहालेर पढ्दछ । काकासँग काका के लेख्नु भएको भन्दा काकाले कविता भन्दछन् । अनि साना गोठालोले कविता भनेको के हो नि काका भन्दा कविता सविता तँ जान्दैनस् जा गाइ हेर् भन्दा सानो गोठालोले पण्डित हुने निर्णय गर्दछन् । अनि मजाले पढ्दछन् ।

१४ वर्षपछि काठमाडौं आएर पढे । अनि कविशिरोमणि उपाधि पाए । यी लेखनाथ पौड्याल हुन् । अनि ठूलाले भनेको नरिसाइ सुन्नुपर्दछ र परिश्रम गर्नुपर्दछ । नाम कमाउन मिहीनेत गर्नुपर्दछ भन्ने कुरा यस कथामा दिएको छ ।

## छनोट र स्तरणको आधारमा कथाको विश्लेषण

## ३.५ पृष्ठभूमि

पाठ्यपुस्तकको छनोट र स्तरण भाषिक वातावरण हेरी उपयोगी हुने देखिन्छ । नेपालमा नेपाली भाषालाई राष्ट्रभाषाका रुपमा सिक्दछन् । स्तरीय भाषिक सीपको विकास गराउन पाठ्यपुस्तकमा भाषा सम्बन्धी विभिन्न विधाहरूको छनोट गरिएको हुन्छ । भाषिक सीप वृद्धिका लागि विविध विषयवस्तुहरूको जानकारी गराउने उद्देश्यले नै कथा विधामा लोककथा, सामाजिक कथा, ऐतिहासिक कथा र नीतिमूलक कथाहरूको छनोट गरिएको पाइन्छ । छनोट गरिएका विषयवस्तुहरूलाई मिलाएर राख्ने क्रम स्तरण हो । पाठ्यक्रममा उल्लेख भएको विषयवस्तुहरूलाई विद्यार्थीको रुची आवश्यकता, उमेर , पूर्वज्ञान जस्ता कुराहरूलाई ध्यानमा राखेर मिलाउने कार्य स्तरण हो । पाठ्यपुस्तकको निर्माण गर्दा छनोटको जति महत्व रहेको हुन्छ

त्यति नै स्तरणको महत्व्य रहेको हुन्छ । छनोट गरिएका विषयवस्तुलाई विचार नगरी जता पायो उतै राखिने हो भने पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्त गर्न सकिँदैन । नत शिक्षणको औचित्य नै रहन्छ । जस्तै जोड, घटाउ, गुणन र भागको क्रिया नगराई सरल गर्न विद्यार्थीलाई लगाइन्छ भने सरल कदापि सिक्न सक्दैनन् । भनाइको मतलव पाठ्यपुस्तकको स्तरण गर्दा ज्ञातबाट अज्ञाततिर, सरल विषयवस्तुबाट जटिल विषयवस्तुतर्फ उन्मुख हुने किसिमले गर्दै लैजानु पर्दछ ।

## ३.६ छनोट गर्दा प्रभाव पार्ने तत्वहरू

पाठ्यवस्तु छनोट गर्दा उद्देश्य तह, समयावधि आदिको प्रशस्त ख्याल राख्नुपर्ने हुन्छ । यी कुराहरू सामान्यतः पाठ्यवस्तुभन्दा बाह्य प्रकृतिका देखिए पनि पाठ्यवस्तुको छनोटमा यिनको आधारभूत प्रभाव रहेको हुन्छ । त्यसैले सर्वप्रथम यहाँ यिनै बाह्य प्रभावक तत्वहरूको उल्लेख गरिन्छ ।

**उद्देश्य :** पाठ्यवस्तुको छनोट गर्नुभन्दा पहिले छनोटकर्ता वा पाठ्यवस्तु निर्माताकर्तालाई यो थाहा हुन पर्छ कि सम्बन्धित पाठ्यवस्तु कुन प्रयोजन वा उद्देश्य पूर्ति गर्न उपयोग गरिने हो । के कस्ता उद्देश्य पूर्ति गर्न पाठ्यवस्तुको आवश्यकता परेको हो । यसको पूर्ण जानकारी पाठ्यपुस्तक निर्माता वा छनोटकर्तालाई हुनुपर्दछ । निर्दिष्ट प्रयोजन तथा उद्देश्यले नै पाठ्यवस्तुको छनौटलाई नियन्त्रित गर्दछ । पाठ्यक्रमको उद्देश्य बोलाइ सीपको विकास गराउने किसिमको छ भने पाठ्यविषय त्यसैसँग सम्बन्धित हुनुपर्दछ । त्यस्तै लेखाइ सीपको वृद्धि गर्ने भए लेखनसँग सम्बन्धित हुनु पर्दछ ।

**तह :** पाठ्यवस्तुको छनोटमा तह अर्को महत्वपूर्ण तत्व हो । खास तहका लागि खास किसिमका पाठ्यसामग्रीहरू बढी महत्वपूर्ण तथा उपयोगी हुन्छन् र खास तहमा खास किसिमका सामग्री अनुपयोगी तथा अनावश्यक पनि हुन्छन् । प्रारम्भिक कक्षादेखि नै कुनै पनि विषयमा सबै पाठ्यवस्तुहरू उत्तिकै महत्वपूर्ण हुँदैनन् । कतिपय अनावश्यक नै हुन्छन् । ( अधिकारी हेमाङ्गराज, भाषा शिक्षणका केही परिप्रेक्ष तथा पद्धति पृष्ठ संख्या - १२९ ) त्यसैले पाठ्यवस्तुको छनोट गर्दा कुन तहका लागि छनोट गरिने हो त्यो स्पष्ट हुनु पर्छ ।

**समयावधि :** खास तहका लागि पाठ्यवस्तुको छनोटमा शिक्षणमा लाग्ने समयावधिलाई ध्यान दिनु पर्छ । कति समयका लागि शिक्षण गरिने हो, त्यस विषयको पाठ्यभार कति हो त्यसै अनुसार छनौट गरिनु पर्छ छोटो समयका लागि हो भने लघु कथाको छनोट गर्नुपर्छ । यदि लामो समयका लागि शिक्षण गरिन्छ भने लामो विषयवस्तुको छनोट गर्नुपर्छ ।

**पाठ्यक्रमको प्रकृति :** पाठ्यक्रमको प्रकृति सघन वा विस्तृत के हो त्यसबाट पनि पाठ्यवस्तुको छनोट प्रभावित हुने देखिन्छ । परिचयात्मक वा विस्तृत पाठ्यक्रममा धेरै पाठ्यवस्तु दिएर पनि थोरै समयमा शिक्षण हुन सक्दछ । तर सघन पाठ्यक्रममा समय धेरै प्राप्त भए पनि सरसर्ती अध्ययन गराउन नहुनाले यस्ता धेरै पाठ्यसामग्री छनोट गर्नु पाठ्यक्रमको प्रकृति अनुरुप अनुचित हुन्छ ।

**शिक्षण संस्थाको प्रकृति :** शिक्षण संस्थाको प्रकृतिले पनि पाठ्यवस्तुको छनोटमा प्रभाव पार्न सक्दछ । विद्यालय तथा क्याम्पसको प्रकृति अनुसार पनि पाठ्यवस्तु छनोटमा भिन्नता हुन पर्दछ । सबै क्याम्पस तथा स्कुलहरूमा एकैकिसिमका पाठ्यवस्तुहरू राख्नु छनोटका दृष्टिले उपयुक्त मानिँदैन ।

**विद्यार्थीको पूर्व क्षेमता :** त्यस विषयमा विद्यार्थीको खास पूर्व क्षमता छ भने सो अनुसार पनि पाठ्यवस्तुको प्रकृति, व्यापकता तथा गहनतामा भिन्नता आउने हुन्छ । अतः भाषिक दक्षता तथा पृष्ठभूमिको अन्तरले पनि पाठ्यक्रममा प्रभाव पार्ने हुन्छ ।

माथि उल्लेखित पाठ्यवस्तु छनोट गर्दा प्रभाव पार्ने तत्वहरूका आधारमा कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्पुस्तकमा संकलित कथाहरूको विश्लेषण गर्दा सबै कथाहरूको छनोट प्रक्रिया उपयुक्त देखिँदैन । शिक्षणीय दृष्टिकोणले छनोट तथा स्तरणमा भाषा पाठ्यपुस्तकमा महत्वपूर्ण हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधाको छनोट र स्तरण गरिनु पर्दछ । कुन कक्षामा कुन विषयका पाठहरू समावेश गर्ने भनेर छनोट स्तरण अनुसार भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । यस परिच्छेदमा छनोट र स्तरणको विश्लेषण बेग्ला बेग्लै शीर्षकमा गरिएको छ ।

## ३.७ छनोट

शब्दभण्डार : छनोटका रुपमा सूर्य र वायु कथामा प्रयुक्त शब्दहरू क्रमश : आँधिबेरी , खप्न सक्नु , खिस्रिक्क पर्नु , खिसिकक्क हाँस्नु, घमन्ड, घमन्ड गर्नु , घमन्ड चढ्नु , चर्को पार्नु , चौपट्टै , जित हुनु , झनक्क रिसाउनु , झोंकी, टक्क अडिनु , टर्रो लाग्नु , दाह्रा किट्नु , नाथे , बाझाबाझ , भनाभन , भनाभन चर्कनु , मान गर्नु , लुत्रुक्क पर्नु , सेखी तोड्नु , हुरी र हेप्नु छन् । यी शब्दहरू विद्यार्थीको स्तर सुहाउँदा छन् ।

वायुपङ्खी घोडा कथामा आँखा चिम्लनु , असाध्यै , जुक्ति , कामकुरा , दाना, दिन गन्नु , दिन बित्नु , फुर्तिलो , बलियो , बुद्धिमान् , वायुपङ्खी , सइस, सार फेर्न छाड्नु , सुर्ता र हिम्मत गर्नु जस्ता शब्द रहेका छन् ।

तीन शिकारी कथामा आगाको भुङ्ग्रो , आगामा सेकाउनु , आगो सल्काउनु , कपाकप खानु , कपाल कन्याउनु , कालिज, गम खानु , चुपचाप , तन्नेरी , दिक्दार हुनु , निधो गर्नु , बन्दुक, बन्दुक चलाउनु , बल्लतल्ल , बाँडीचुँडी खानु , बाचा , बुद्धू , भुत्ल्याउनु , भोक टर्नु , मन्जुर हुनु , मुख बन्द गर्नु , मुखामुख गर्नु , सिकारी र सेकुवा जस्ता शब्दभण्डार छनोट भएका छन् ।

आमाबाबुका भक्त गणेशजी कथामा कैलाश , खैलाबैला मच्चिनु , चलाकी , चित्त बुझ्नु , जिल्ल पर्नु , टाप कस्नु , निकै आत्तिनु , परिकमा , फसाद पर्नु , बिलखबन्दमा पर्नु , बूढोपाको , ब्रह्माण्ड , भेला हुनु , मुखामुख गर्नु , वाहन, सुँड , स्वर्ग , हात्तीमा चढेर लस्कनु र हानथाप गर्नु जस्ता शब्दहरू रहेका छन् ।

बहादुर राजकुमार कथामा काँहिलो , ठेकी , तर्सिनु , दाह्रा , परदेश , पेच , बटुवा , बहादुर , मनुवा, युवराज, राजकुमार , राजकुमारी , सनासो , स्याबासी , र  हार खानु शब्दभण्डा र छनोट भएका छन् । लेखनाथ पौड्याल कथामा असाध्यै , ईख , कवि, गाली गर्नु , कुतकुती लाग्नु , गोजी, चाल पाउनु , चौतारी , जङ्गिएर , नाम कमाउनु , पण्डित , बालकविता , भट्ट्याउनु , मन थाम्न सक्नु , मौजा र यान गर्नु शब्दभण्डार छनोट भएका छन्

उर्पयुक्त सबै कथामा प्रयोग भएका शब्दहरू स्तरीय र विद्यार्थीको क्षमता अनुसारका भएको पाइन्छ ।

## सारांश

नयाँ नेपाली श्रृंङ्खलामा समाविष्ट कथाहरू सबै रोचक छन् । पढ्ने क्रममा पाठकहरू पेट मिचिमिचि हाँस्न बाध्य हुन्छन् । यसमा जम्मा - ६ वटा कथाहरू समावेश छन् । लोककथा र पौराणिक कथा । जसमा सुर्य र वायु लोककथा छ । यो कथामा सुर्य र वायु  दुई अति मिल्ने साथीहरूमा वायुमा ठूलो भइसकेपछि घमण्ड आउँछ । अनि वायुको हार हुन्छ । यसमा घमण्ड गर्नु हुँदैन भन्ने देखाइएको छ ।

तीन शिकारी कथामा एउटा कालिज मार्दछन् । एकजनाले मात्र खाने भनि ढिलासम्म नबोलि बस्नेले खाने निर्णय हुन्छ । कालिज नबोली तन्नेरी शिकारीले खान्छ । यसरी यहाँ मिलिजुली काम गर्नुपर्दछ भन्ने देखाइएको छ ।

वायुपङ्खी घोडा कथा रुसी लोककथा हो । यहाँ एउटा चलाख घोंडा राजाले पालेका छन् । घोंडा मरेको कुरा सुनाउनेलाई किलो ठोक्ने कुरा राजाले गर्दछन् । बाठो नोकरले अर्कै भाषामा भनेर सबैलाई बचायो । हामी पनि त्यस्तै बुद्धिमानी हुनुपर्दछ भन्ने यहाँ दिइएको छ ।

आमाबाबुका भक्त गणेशजी पौराणिक कथा हो । यसमा गणेशको जित भएको छ । गणेश जस्तै बुद्धिजीवी हुनुपर्दछ भन्ने शिक्षा दिएको छ ।

बहादुर राजकुमार कथामा राजकुमारले जसरी राक्षसलाई धपाउन सफल भए हामी पनि त्यस्तै बुद्धिपु¥याएर काम गर्नुपर्दछ भन्ने शिक्षा दिएको छ ।

जीवनीमूलक कथा लेखनाथ पौड्यालमा आफूभन्दा माथिकाले भन्दा रिसाउनु हुँदैन । ईख लिनुपर्दछ र मिहिनेत गर्नुपर्दछ अनि ठ”लो मान्छे बन्न सकिन्छ भन्ने दिएको छ ।

कक्षा - ३ का कथाहरू खासै लामा पनि छैनन् र छोंटा पनि छैनन् । यी उपयुक्त खालका छन् । यस नेपालीमा १००० देखि ३०००  सम्म नयाँ शब्द राखिएको छ । कुनै कथा

लामा छन् भने कुनै छोंटा छन् । नेपाली भाषाको पाठघण्टी वार्षिक ३०० अंक १५० दिइएको छ ।

# परिच्छेद - चार

## पाठ्यपुस्तकका कथाहरूमा दिइएका नमुना  अभ्यासको विश्लेषण

### ४.१ परिचय

भाषा सिकाइमा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारका रुपमा लिइन्छ । भाषा सिकाइ अन्य सीपहरूको सिकाइ जस्तै हो । भाषाको संरचनाको ज्ञान त्यसको व्याकरण अध्ययन गर्नाले पनि प्राप्त हुन्छ तर भाषाको प्रयोग गर्दा भने त्यसको प्रयोगमा अभ्यस्त हुनु आवश्यक छ । भाषाको संपूर्ण दक्षता हासिल गर्न अभ्यास नभइ सम्भव हुँदैन । नेपाली वृहत् शब्दकोष २०४० ले “कुनै पाठ्य विषयमा निरन्तर दोहोर्‍याई तेहर्‍या गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै

कार्यको व्यवहारिक पक्षतिर विशेषरुपमा बारम्बार मेहनत ( वृहत् शब्दकोष २०४० का रुपमा अभ्यास शब्दलाई लिइएको छ । सिकाइलाई प्रभावकारी बनाउन महत्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न नमुना अभ्यास चाहिन्छ । त्यसैले भाषा पाठ्यविषयको अध्ययन पश्चात् विभिन्न प्रकृतिका अभ्यासलाई राखिएको हुन्छ । शिक्षण सिकाइका लागि सबै विषयमा शिक्षण सामग्रीहरू प्रयाप्त हुँदैन । यस्तो अवस्थामा अभ्यास नै अत्यन्त उपयोगी क्रियाकलापको रुपमा रहेको हुन्छ । कतिपय विषयमा शिक्षणका लागि सामाग्रीको प्रयोग भन्दा अभ्यासले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषामा ज्ञान र सीपको स्थायित्वका लागि निरन्तर अभ्यास गराउनु आवश्यक छ । भाषाका पाठ्यपुस्तकमा प्रत्येक विषयवस्तुको अन्त्यमा अभ्यास दिइनु जरुरी हुन्छ ।

भाषा पाठ्यपुस्तकमा शिक्षणीय विषय र सामाग्रीको निरन्तर अभ्यास र पुनरावृत्तिको उद्देश्यले नमूना अभ्यासको व्यवस्था गरिएको हुन्छ । यसमा भाषाका विविध पक्ष र भाषिकसीप विकासमा निर्भर रहने आवश्यक शब्दभण्डार, भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा शिक्षणीय ढाँचा संलग्न रहन्छ । यसमा भाषाका चारवटै सीप विकास हुने गरी सामाग्रीको संयोजन गरिएको हुन्छ । यसबाट भाषिक सीपमा साथै ज्ञान र धारणालाई एकिकृत रुपमा अगाडि बढाउन सकियोस् भन्ने अभिप्रायले अभ्यास निर्माण भएको हुन्छ ।

नमुना अभ्यासमा राखिने सामग्रीहरू गर, सिक (आनन्द १९७७ ) भन्ने धारणाबाट राखिएका हुन्छन् । जसलाई लेखाइ सीप विकासका साथै गृहकार्यका सामग्रीहरूका रुपमा लिन सकिन्छ । यस्ता सामाग्रीहरू व्याकरण र पठनबोधसँगै गराउनु पर्दछ । यस्ता सामाग्रहरू अभ्यासबाटै व्याकरणको शिक्षण गर्न सकिन्छ । यसका लागि छुट्टै पाठ्यपुस्तकको अपेक्षा राखिएको पाईंदैन । निर्देशन, गृहकार्य, परीक्षण, पुनरावृत्ति प्रोत्साहन आदिमा मद्धत गर्न पाठ्यपुस्तकमा अभ्यासको व्यवस्था मिलाइएको पाइन्छ । पाठ्यपुस्तकको पाठको मूल अंकको रुपमा पाठको व्याख्या गरिएको हुन्छ । ती मूल अंशहरू पाठ्यक्रममा निर्धारित उद्देश्य पूर्ति गर्न सक्ने किसिमले चुनिएका हुन्छन् । तसर्थ भाषाको पाठ्यपुस्तकमा कुनै लेख वा रचना मूल अंशमा सङ्कलित हुनु पर्दछ भन्ने केही छैन । पाठ्यक्रमका उद्देश्यपूर्ति गर्न सक्ने किसिमले चुनिएका र सहायक हुने खालका छन् भने कुनै पनि रचना फन्ट राख्न सकिन्छ । यसबाट के

स्पष्ट हुन्छ भने पाठ्यपुस्तकमा राखिएका विधा एवं उपविधाका भन्दा यसका आधारमा गराइने भाषिक अभ्यास महत्वपूर्ण हुन्छन् । ( अधिकारी २०५० , १७४ ) त्यसैले भाषा पाठ्पुस्तकमा नमुना अभ्यास सबभन्दा महत्वपूर्ण स्तम्भको रुपमा रहेको हुन्छ ।

शिक्षक विद्यार्थीको शैक्षिक कार्यक्रमलाई निरन्तररुपले अघि बढाउने काम अभ्यासले गरेको हुन्छ । शिक्षण कार्यको व्यवस्थित तयारी तथा मूल्याङ्कनको सजिलो उपायका रुपमा अभ्यासको भूमिका रहन्छ । भाषामा संकलित पाठ्यविषयको शिक्षण अन्य विषयकोभन्दा महत्वपूर्ण हुन्छ । भाषालाई केवल निर्देशन दिएर मात्र पुग्दैन । विषयवस्तुको अभ्यासबाट भाषिक कुशलता सिकाउने लक्ष्य समेत किटान गरिएको हुन्छ। भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास तयार गर्दा पाठ्यक्रमको सम्पूर्ण शैक्षिक उद्देश्यलाई समेटिएको हुन्छ । भाषा पाठ्यपुस्तक अनुभव, भाषिक सामग्रीको छनोट तथा स्मरण आदिलाई ख्याल गरेर अभ्यासको तर्जुमा गरिएको हुन्छ । त्यस्तै अभ्यासमा सरलबाट जटिलतर्फ उन्मुख सामग्रीका साथै बढी सामग्री समेट्ने भाषिक र शैक्षिक समस्याहरूलाई समाधान गर्ने र शिक्षार्थीका कमजोरीलाई निदान हुने गरी अभ्यासको व्यवस्था भएको हुनुपर्छ । अभ्यासबाट शिक्षार्थी सहजरुपमा भाषाका विभिन्न सीपमा दक्षता हासिल गर्न उत्साहित हुन्छन् । त्यसैले शिक्षकको अनुपस्थितिमा पनि उनीहरूले भाषिक अभ्यास गर्न सक्ने वातावरण अभ्यासबाट सिर्जना हुन पर्दछ । त्यस्ता अभ्यासहरू सबैतहका विद्यार्थीहरूलाई ख्याल गरेर निर्माण गरिनु पर्दछ ।

भाषा पाठ्यपुस्तकमा राखिएका प्रत्येक पाठको विश्लेषण गरेर अभ्यासको निर्माण गरिएको हुन्छ । भाषापाठ्यक्रममा उद्देश्यहरूको र पाठ्यसामग्रीको समग्र प्रतिनिधित्व हुने गरी अभ्यासको निर्माण गर्नु जरुरी हुन्छ । पाठ्क्रम निर्माण नै सीपपरक दृष्टिले गरिने हुनाले अभ्यास सोहीअनुरुप हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा दिइने अभ्यास भाषिक सामग्री र पठनबोधसँग सम्बन्धित गरिनु पर्दछ । भाषिक सामग्री भन्नाले शब्दभण्डार, वाक्यरचना, भाषातत्व आदिलाई लिन सकिन्छ । भावार्थ, सारांश आदि अभ्यासको पनि व्यवस्था मिलाइएको हुनुपर्दछ । भाषातत्व सम्बन्धी अभ्यास मूलतः व्याकरण सम्बन्धित हुन्छन् तापनि यिनको प्रयोगपक्षलाई विविध कोणबाट प्रस्तुत गरी विद्यार्थीलाई व्यस्तराख्न सकेमात्र भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको उद्देश्य हासिल गर्न सकिन्छ ।

## ४.२ नमुना अभ्यास र त्यसमा समावेश गरिने प्रश्नका किसिम

सामान्यतया प्रश्नहरू मूल्याङ्कनात्मक र अभ्यासात्मक दुई प्रकारका हुन्छन् । भाषिक क्षमताका मापन गर्न उपयोग गरिने प्रश्नहरू हुन्छन् । यसको उद्देश्य निर्धारित मापदण्डका आधारमा कुनै विद्यार्थीहरूलाई माथिल्लो तहमा उकास्ने वा नउकास्ने भन्ने हुन्छ तर अभ्यासात्मक प्रश्नहरूको प्रयोजन त्यसको ठीक विपरीत भाषाका विविध पक्षहरूको प्रयोग पुनः प्रयोग जस्ता प्रयासद्वारा सिकेका कुरालाई सरलीकरण गर्नु हो । यो कक्षामा निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । यसले शिक्षक तथा विद्यार्थी दुबैथरीलाई क्रियाशील बनाइरहन्छ । प्रस्तुत अध्ययनमा अभ्यासात्मक प्रश्नको मात्र चर्चा गरिएको छैन ।

नेपाली भाषा पाठ्यपुस्तकमा अभ्यासका लागि दिइने प्रश्नहरू निम्नलिखित पाइन्छन् :

विषयवस्तुमा आधारित प्रश्न : भाषाशिक्षण गर्नु भनेको भाषिक सीपको विकास गर्नु हो । तर पनि भाषा पाठ्यपुस्तकमा भाषिक सीप वृद्धिगर्न पनि विभिन्न विषयवस्तु समावेश गर्नु आवश्यक छ । त्यसैले त्यस्तो विषयवस्तुका माध्यमबाट नै भाषिक सीपको मूल्याङ्कन गर्न सकिने भएकोले त्यसैमा आधारित प्रश्नहरू पनि नमुना अभ्यासमा रहेका देखिन्छन् । खासगरी बोध, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या समीक्षासार भावार्थ रचना जस्ता कुराको अभ्यास विषयवस्तुकै आधारमा गराउनु पर्दछ । ( पौड्याल २०५४ )

विषयवस्तुमा आधारित प्रश्नहरू विभिन्न प्रकारका छन् । बोध क्षमताको विकास गर्ने भए वस्तुगत र विषयगत दुवै किसिमका, अभिव्यक्ति क्षमताका लागि निबन्धात्मक प्रश्नहरू विषयगत प्रश्नबाट भाषाको शुद्धाशुद्धी गर्दा भाषाका अतिरिक्त र बाह्यपक्ष समेटिने हिज्जे शक्ति प्रंयोग , वैचारिक स्पष्टता आदिको ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले यस किसिमका प्रश्नहरू भाषिक मूल्याङ्कनका दृष्टिले उपयुक्त मानिन्छन् ।

भाषिक सीपमा आधारित प्रश्न : भाषाका मौखिक तथा लिखित अभिव्यक्तिसँग सम्बन्धित विभिन्न सीपको प्रतिनिधित्व गर्ने प्रश्न नै भाषिक सीपसँग सम्बन्धित प्रश्न हुन् । यस्ता प्रश्नहरूमा प्रस्तुतिका आधारमा विषयवस्तु हुने भएपनि शिक्षणीय लक्ष्य चाहिँ भाषिक सीप नै हुन्छ । नमुना अभ्यासमा हरेक भाषिक सीपलाई सन्तुलित रुपमा समावेश गर्नु पर्दछ ।

नमुना अभ्यासको निर्माण गर्दा तल्ला कक्षाका मौखिक सीपमा खासगरी सुनाइ र बोलाइलाई विशेष जोड दिनुपर्दछ । यसका लागि निबन्धात्मक प्रश्नहरू बढी उपयोगी ठहर्दछन् ।

## ४.३ प्रश्नको स्वरुप

भाषा पाठ्यपुस्तकका पाठहरूमा मुख्यतया भाषिक सीपको प्रकृतिका आधारमा एउटै पाठमा विभिन्न प्रकृतिका प्रश्नहरू समावेश गरिएका पाइन्छन् । भाषापाठ्यपुस्तकमा संकलित कथा शिक्षणको अन्त्यमा मुख्यतया तीन किसिमका प्रश्नहरू राखिएको पाइन्छन् । ती हुन् निबन्धात्मक, संक्षिप्त उत्तरात्मक र वस्तुगत । विभिन्न किसिमका प्रश्नहरूको उपयोगले पाठ्यविषयलाई विभिन्न दृष्टिकोणले हेरिनुका साथै भाषाका पनि चारैवटा सीपको विकास हुने देखिन्छ । साथै भाषिक सीपको अभ्यासका विविधता तथा स्पष्टता आउँछ । तल नमुना अभ्यासका लागि उपयोग भएका विभिन्न प्रश्नहरूको संक्षेपमा चर्चा गरिन्छ ।

**क. निबन्धात्मक प्रश्न :** भाषामा स्वतन्त्र अभिव्यक्तिको विकास गर्न, भाषिक शुद्धताको मूल्याङ्कन गर्नका लागि निबन्धात्मक प्रश्नको उपयोग गरिन्छ । वाक्यगठन, शब्दप्रयोग, शिलशिलाबद्धता, अनुच्छेद गठन, वर्णविन्यास, विराम चिन्ह, किनारा छोडाइ आदि एकैसाथ मूल्याङ्कन गर्नका लागि निबन्धात्मक प्रश्नहरू राखिएका हुन्छन्. । प्रत्येक कथाका अन्त्यमा विधा अनुरुपता कथा लेख्न, घटनाक्रम मिलाउन भनिएको छैन ।

**ख. संक्षिप्त उत्तरात्मक प्रश्न :** भाषामा संक्षिप्त उत्तरात्मक प्रश्न पनि लिखित तथा मौखिक दुबै युक्तिका लागि उपयोगी ठानिन्छन् । विशेषतः अर्थग्रहण, रचना, बोध, वाक्यरचना, शब्दार्थ शब्द प्रयोग र शब्दको खोजीमा बढी उपयोग हुने एकै शब्दका उत्तर आउने किसिमका प्रश्नहरू प्रत्येक नेपाली कथाको अन्त्यमा नमुना प्रश्नको रुपमा पनि रहेका छन् । संक्षिप्त उत्तरात्मक प्रश्न ज्यादै सरल र नसुहाउँदो देखिन्छन् । लेख्दा एक अनुच्छेद अर्थात् कम्तिमा पनि पाँच हरफसम्म हुनुपर्दछ । उत्तरमा शूक्तिमय अंशको भावविस्तार व्याख्या आदि अभ्यासमा उपयोगी हुनसकोस् ।

**ग. वस्तुगत प्रश्न :** वस्तुगत अभ्यासात्मक प्रश्नहरू पहिचानात्मक अभ्यासका लागि बढी उपयोगी हुन्छन् । वस्तुगत प्रश्नहरू बहुवैकल्पिक , जोडामिलाउने, खाली ठाउँ भर्ने

र ठीक बेठीक छुट्याउने पर्दछन् । खासगरी कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकका कथाहरूमा उपयोग गरिएका प्रश्नहरू ५ किसिमका छन् ।

१) तलका शब्द पढ र कापीमा सार ।

२) तलका शब्दलाई वाक्यमा प्रयोग गर ।

३) प्रश्नको उत्तर लेख ।

४) प्रश्नको उत्तर मुखैले भन ।

५) खाली ठाउँ भर ।

## सारांश

पाठका अन्त्यमा दिइएका नमुना अभ्यासहरूमा सबभन्दा पहिले शब्दार्थ राखिएको छ । छ वटा कथाका पाठसँग सम्बन्धित सयौं भन्दा बढी शब्दार्थ दिइएको छ । पाठका कतिपय शब्दहरूलाई शब्दार्थ स्तम्भमा दिइएको छैन । उखानटुक्का पाठमा प्रयोग गरिए पनि शब्दको अर्थ र प्रयोग दिइएको छैन, कतै अर्थ नदिई प्रयोग गर्न लगाइएको छ । शब्दको प्रयोग पक्षलाई भन्दा अर्थ घोक्न प्रोत्साहित गरेको छ । कथाका पाठको अभ्यासमा दिइएका प्रश्नहरूलाई नियाल्दा यी प्रश्नहरू विविध प्रकृतिका रहेका छन् । छोटो उत्तर दिने , कापिमा सार्ने , उच्चारण गर्ने , मुखैले भन्ने , एक शब्दमा उत्तर लेख्ने र वाक्यमा प्रयोग गर्ने र खालि ठाउँ भर्ने प्रश्नहरू समावेश गरिएका छन् । भाषिक सीप प्राप्त गर्न अभ्यासहरू दिए पनि एकदमै कम मात्रामा दिइएको छ । बढी भन्दा बढी अभ्यास नहुँदा विद्यार्थीहरूले विर्सने तथा प्रयोग गर्न नसक्ने हुनाले यस्ता अभ्यासहरूको कमी भएको पाइन्छ । भाषिक सीप अभिवृद्धिका साथै सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने अभ्यासहरू प्रत्येक पाठमा अलि बढाउनुपर्ने देखिन्छ ।

कथाका पाठका अन्त्यमा राखिएका नमुना अभ्यासभित्र व्याकरणको अझ महत्व हुन्छ । भाषालाई शुद्धसँग बोल्न, लेख्न जान्न व्याकरणको आवश्यकता पर्दछ । व्याकरण खण्डभित्र कथाका पाठका आधारमा राखिएका उखानटुक्काहरूले मूल कथासँग तालमेल खाएको देखिँदैन ।

नमुना अभ्यासहरूले भाषाका ४ वटै सीपलाई अगाडि बढाउन सक्नुपर्छ । अभ्यासमा राखिएका प्रश्नोत्तरबाट बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न सकिन्छ । सुनाइ सीप विकासको लागि छलफल गर्ने, साराँश लेख्ने, मौखिक प्रश्नोत्तर गराउने जस्ता कार्यकलापको आवश्यकता पर्छ । बोलाइ सीपको लागि ठीकसँग भन्ने, शुद्ध उच्चारण गर्ने, शब्दको अर्थ भन्ने जस्ता प्रश्नहरू आवश्यक पर्दछन् । पढइ सीप विकासको लागि ठीकसँग भन्ने, शुद्ध उच्चारण गर्ने जस्ता प्रश्नहरू आवश्यक पर्दछन् । लेखाइ सीपको विकासका लागि प्रश्नोत्तर , भाविविस्तार गर्ने , सारांश लेख्ने, कथा लेख्ने तथा तात्पर्य स्पष्ट गर्ने जस्ता प्रश्नबाट पूरा गर्न सकिन्छ । यसरी ४ सीपलाई विकास गर्ने अभ्यास प्रशस्त दिँदा उपयुक्त हुन्छ । त्यस्तै सिर्जनात्मक अभ्यासको पनि आवश्यक पर्छ तर कथा पढिसकेपछि कथा सिर्जना गर्न सक्ने क्षमताको विकास गर्ने अभ्यासको कमी भेटिन्छ । प्रशस्त अभ्यासबाट मात्र सीपको विकास हुने हुनाले अभ्यासको कमीले बालकको सीप पक्ष कमजोर हुन्छ ।

# परिच्छेद - पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

निजी विद्यालयमा संचालित प्राथमिक तहको कक्षा ३ को नयाँ नेपाली श्रृंङ्खला पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छ ।

१. पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यक्रमलाई प्रमुख आधार मान्नु पर्दछ । पाठ्यक्रमको उद्देश्य अनुरुप पाठ्यपुस्तकमा विषयवस्तुहरू समावेश गर्नुपर्दछ ।

    पाठ्यक्रमको उद्देश्य प्रतिविम्वित हुनेगरी विधा तथा पाठहरू चयन गरिन्छ तर कक्षा ३ को नयाँ नेपाली श्रृङ्खला पाठ्यपुस्तकमा राखिएका कथाका पाठहरू पाठ्क्रम अनुरुप चयन गरिएको छैन ।

२. पाठ्यक्रममा शिक्षण गर्ने विधागत रुपमा समय विभाजन र अंक विभाजन गरिएको हुन्छ । समय र अंकका आधारमा पाठ्यपुस्तकमा विषयवस्तुहरू समावेश गर्नुपर्दछ । यदि समय र अंकभारलाई ध्यान नराखी पाठहरू समावेश

भएभने पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू प्राप्त गर्न सकिंदैन । नेपाली विषयमा राखिएका कथाहरू अंकभारका दृष्टिले उपयुक्त छन् तर समय विभाजनका दृष्टिले उपयुक्त छैनन् । कुल समयको २५% मात्र समय दिएर ६ वटा कथाहरू पाठ्यपुस्तकमा समावेश गरिएका छन् । यो समय विधागत आधारमा नपुग देखिन्छ ।

३. पाठ्यक्रममा राखिएका पाठ्य विषयहरू छनोट र स्तरणका दृष्टिले उपयुक्त हुनुपर्दछ । तर छनोट र स्तरणको ध्यान दिइएको छैन ।

४. कथाको संरचना पक्षमा मुख्य भूमिका हुन्छ । यहाँ प्रयुक्त कथाको संरचनालाई जोड नदिएको पाइन्छ ।

५. प्राथमिक तहका कक्षा शिक्षण गर्नुको उद्देश्य भाषिक सीप विकास गर्नु हो । भाषिक सीप विकास गर्न सरल संरचना हुनुपर्दछ ।

६. नमुना अभ्यासमा दिइएका प्रश्नहरू मुख्यतया दुई प्रकारका छन् । विषयगत प्रश्नहरू , संक्षिप्त उत्तरात्मक प्रश्नहरू र निबन्धात्मक छोटो उत्तरात्मक प्रश्नहरू एक शब्ददेखि अर्को वाक्य सम्म दिने किसिमका छन् । वस्तुगत प्रश्नहरूमा खाली ठाउँ भर्ने बहुवैकल्पिक छन् । यी प्रश्नहरू अत्यन्त निम्न स्तरका छन् । छोटो उत्तरात्मक प्रश्नहरू पनि विद्यार्थीले बुझेर भन्दा कण्ठ गरेर उत्तरदिने किसिमका छन् ।

७. भाषा पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यास भाषाशिक्षण उद्देश्यलाई परिपूर्ति गर्ने गरी चुनिनु आवश्यक देखिन्छ । सिकाइलाई प्रभावकारी बनाउने र शिक्षण कार्यकलापलाई सञ्चालन गर्ने सरल माध्यम नै नमुना अभ्यास हो । नेपाली भाषा सिकाइका लागि राखिएका पाठ्यपुस्तकका कथाका अभ्यासहरू पनि यस क्षेत्रसँग सम्बन्धित विद्यार्थी, शिक्षक र शिक्षा प्रशासनसँग आबद्ध सबैलाई निकै उपयोगी र पथप्रर्दशक बन्न सक्दछन् । तर कथामा भएको अभ्यासमा अपेक्षित विविधता पाइँदैन ।

८. नमुना अभ्यास पाठसँग सम्बन्धित हुनुपर्दछ । जुन विषयमा शिक्षण गरिन्छ । त्यसै विषयसँग सम्बन्धित प्रश्नहरू मात्र सोधिनु पर्दछ अर्थात् शिक्षण गरिने सम्पूर्ण विषयवस्तुलाई ओगट्ने किसिमको प्रश्नहरू राखिनु पर्दछ । कतिपय पाठहरूमा अभ्यासका लागि दिइएका प्रश्नहरूले विषयवस्तुलाई समेट्न सकेको देखिँदैन ।

९. कुनै पनि पाठ पढ्नु भन्दा पहिले त्यस पाठमा प्रयोग भएका शब्द र तिनको अर्थ विद्यार्थीहरूलाई थाहा हुनु पर्दछ । यदि शब्दार्थ ज्ञान नै भएन भने पढाएको पाठको भावार्थ थाहा पाउन सकिंदैन । नेपाली पाठ्यपुस्तकमा दिइएको शब्दार्थहरू पाठको अन्त्यमा मात्र राखिएको हुन्छ । शुरुमा पाठ पढिसकेपछि मात्र शब्दार्थको ज्ञान हुन्छ । त्यसैले पाठपूर्व नै शब्दार्थ राख्नुपर्ने हो सो हुन सकेको छैन ।

१०. समग्र दृष्टिले हेर्दा पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको वितरणलाई अभ्यासको दृष्टिले त्यति प्रयाप्त देखिंदैन । अभ्यास कथा अनुरुप लाग्दैन । वितरणमा सन्तुलन नभएपनि प्रयोग र सिर्जनात्मक पक्षलाई जोड दिइएको छ ।

११.पाठ्यपुस्तकमा राखिएका अधिकांश व्याकरणका शीर्षकहरूमा शिक्षणीय दृष्टिले आगमन अपनाएको पाइन्छ । नेपाली पाठ्यपुस्तकमा दिइएको कथाका अन्त्यमा व्याकरण शीर्षकमा पहिले परिभाषा नदिइ अभ्यासका लागि प्रश्नहरू दिइएको छ । यो विधि व्याकरण शिक्षणमा उपयुक्त मानिन्छ ।

१२. विधागत दृष्टिले सम्बन्धित पाठ्यपुस्तकमा अभ्यासको वितरणलाई संख्यात्मक रुपमा हेर्दा त्यति पर्याप्त देखिंदैन । अभ्यास कथा विधा अनुरुप लाग्दैन । वितरणमा सन्तुलन नभएपनि प्रयोग र सिर्जनात्मक पक्षलाई जोड दिइएको छ ।

## ७.२ सुझावहरू

१.	निजी विद्यालयमा संचालित  प्राथमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमका आधारमा तयार गरी राखिएको पाठ्यपुस्तकमा प्रयुक्त कथा पाठहरू पाठ्यक्रम अनुरुप हुनु पर्दछ ।

२.	पाठ्यक्रममा निर्धारित गरेका अंक समयलाई मूल आधार बनाइ विषयवस्तुलाई समावेश गरिनु पर्दछ । हालका विषयवस्तुहरू समका दृष्टिले बढी रहेका छन् ।

३.	कथामा संरचना पक्षको महत्वपूर्ण स्थान हुने हुँदा साहित्यिक र साहित्येत्तर कथामा पनि संरचना भित्र आदि, मध्य र अन्त्यको ख्याल गर्नु पर्दछ ।  कथा शिक्षण , लिखित अभिव्यक्ति  घटनाक्रमलाई सिलसिला मिलाएर भन्ने लेख्ने गरिन्छ । कथामा संरचन ा पक्षमा राम्रो भयो भने विद्यार्थीहरूले रुचि लिएर पढ्ने गर्दछन् । कथाको आदिभाग नै रोचक हुनुपर्दछ । आदिभागमा पाएको संकेत मध्यभागमा फैलिएर अन्य भागमा चरमोत्कर्षमा पुगेर निष्कर्षमा टुङ्गिएको खण्डमा कथा रोचक बन्दछ । पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको संरचना पक्षमा ध्यान दिनुपर्दछ ।

४.	पाठमा भएका कठीन शब्दको अर्थ दिइ त्यसका समानार्थी अर्थ पनि दिनुपर्दछ । हालका पाठमा दिइएका शब्दहरूको अर्थ पाठको अन्त्य भागमा दिइएका छन् । पाठ पढेर मात्र शब्दार्थ शिक्षण गरिन्छ । त्यसैले पाठ पढाउँदा कठीन शब्दको अर्थ बुझ्दैनन् । आउँदा दिामा संशोधन हुने पाठ्यपुस्तकमा शब्दार्थ पाठको शुरु भागमा नै दिइनु पर्दछ ।

५.	नमुना अभ्यासमा दिइएका प्रश्नहरू अव्यवहारिक र स्तरविहिन छन् । छोटो उत्तरात्मक प्रश्नहरूमा एकै शब्दमा उत्तर आउने अति नै सरल र विद्यार्थीको स्तर अनुकूल छैनन् । त्यसैले त्यस्ता प्रश्नहरूलाई हटाएर तार्किक र सिर्जनात्मक उत्तर आउने प्रश्नहरू राखिनु पर्दछ । वस्तुगतमा विकल्परहित प्रश्नहरू राखिनु पर्दछ ।

६. कथाको छनोट र स्तरण विद्यार्थीको रुची, स्तर , आवश्यकता, मातृभाषाको प्रभाव, देशको राष्ट्रिय उद्देश्य आदिलाई ध्यानमा राखेर गर्नुपर्दछ ।

७. व्याकरण शिक्षणमा आगमनात्मक विधि अपनाउनु पर्दछ । जुन शीर्षकमा व्याकरण शिक्षण गरिन्छ । त्यसैसँग सम्बन्धित अभ्यास मात्र गराउनु पर्दछ । व्याकरणको अभ्यास गराउँदा पाठ्यपुस्तकमा नमुना दिएर विद्यार्थी आफैले शब्द , वाक्यको छनोट गर्ने अवसर दिइनु पर्दछ ।

८. कथा पाठको लम्बाई समानुपातिक हुनु पर्दछ । कथाहरूमा प्रयोग भएको शब्द, वाक्य, अनुच्छेद विद्यार्थीको स्तर अनुकूल हुनुपर्दछ ।

९. कथाहरूको छनोट गर्दा सबै क्षेत्रहरूबाट जस्तै : सामाजिक, नैतिक, राजनैतिक, पौराणिक , विषयवस्तु लिइनुपर्दछ ।

१०. कथामा घटनाको वर्णनका साथसाथै प्रशस्त चित्रहरू समावेश गरिनुपर्दछ । चित्रहरू आकर्षक र रंगीन पनि हुनु पर्दछ ।

११. पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज उच्चस्तरको हुनुपर्दछ । अक्षर सफा, स्पष्ट र आकर्षक हुनुपर्दछ । कथाको शीर्षकले विषयवस्तुलाई प्रतिनिधिकथाकारहरू कथाहरू समावेश गरिनुपर्दछ । पाठको शुरु भागमा नै कथाकारको संक्षिप्त परिचय र कथात्मक विशेषता साथै कृतिहरू उल्लेख गरिनु पर्दछ ।

## ७.३ सन्दर्भग्रन्थ - सूची


१. अधिकारी, हेमाङ्गराज (२०५३). समसामयिक व्याकरण , पहिलो संस्करण , काठमाडौं कुञ्जल प्रकाशन ।

२. अधिकारी, हेमाङ्गराज नेपाली भाषा शिक्षण पहिलो संस्करण ।

३. अधिकारी, हेमाङ्गराज (२०५३). भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति , दोस्रो संस्करण , काठमाडौ : विद्यार्थी पुस्तक पसल भोटाहिटी ।

४. गौतम, देवीप्रसाद (२०४६). नेपाली भाषा परिचय , ललितपुर : साझा प्रकाशन : ।

५. चापागाई , नरेन्द्र (२०४५). भाषा तत्व , परिवर्तित संस्करण, काठमाडौ : रत्नपुस्तक भण्डार ।

६. पोखरेल , बालकृष्ण (२०४३). राष्ट्रभाषा , नवम् संस्करण , ललितपुर : साझा प्रकाशन ।

७. लामिछाने , यादवप्रकाश (२०४५). नेपाली साहित्यको संक्षिप्त इतिहास , तेस्रो संस्करण ।

८. शर्मा , मोहनराज र श्रेष्ठ दयाराम (२०४५). नेपाली साहित्यको संक्षिप्त इतिहास , तेस्रो संस्करण ।

९. शर्मा , तारानाथ (२०५१). नयाँ नेपाली श्रृङ्खला कक्षा ३ , एघारौं संस्करण भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

१०. शर्मा , तारानाथ (२०५१). महेन्द्रमाला कक्षा ३ , बाह्रौं संस्करण, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

११. शर्मा , केदारनाथप्रसाद , (२०५१). प्राथमिक शिक्षक सेवाकालिन तालिम पाठ्यक्रम ।

१२. (२०४०). बृहत नेपाली शब्दकोष , काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१३. सुशिल, प्रेमराज (२०५४). डोल्पाली भाषिका एक अध्ययन , सोधपत्र ।

१४. ( २०३८ ). प्राथमिक शिक्षा पाठ्यक्रम भाग-१, भक्तपुर : पा.पा.से.वि.के ।

१५. (२०४६). साझाकथा , ललितपुर : साझा प्रकाशन ।

१६. (२०५४). माध्यमिक शिक्षा तालिम प्याकेज : माध्यमिक शिक्षा परियोजना सानोठिमी भक्तपुर ।

१७. (२०५६).नेपाली कक्षा ३ पाठ्यक्रम विकास केन्द्र ।

१८. थापा, मोहन हिमांशु (२०५१). साहित्य परिचय , पुल्चोक ललितपुर : साझा प्रकाशन ।

१९. (२०५६).निर्माणात्मक मूल्याङ्कन पुस्तिका प्राथमिक तह नेपाली ।

२०. पराजुली , कृष्णप्रसाद (२०४६). नेपाली उखान र गाउँखाने कथा , रत्नपुस्तक भण्डार ।

२१. अधिकारी , गोविन्दप्रसाद (२०५५). सोधपत्र ।

२२. बन्धु , चूडामणि (२०५३). भाषा विज्ञान सम्प्रदाय , काठमाडौ : अक्षरसदन ।

२३. न्यौपाने , टंकप्रसाद (२०५१). भाषाविज्ञानको रुपरेखा , धरान : नेपाली बुक डिपो ।

२४. शर्मा , मोहनराज , शब्द रचना र वर्णविन्यास पाठ्यसामग्री काठमाडौः प्रकाशन ।

२५. अर्याल , भैरव (२०४९). सम्पादक साझा कथा, काठमाडौ : साझा प्रकाशन ।

२६. खत्री, आनन्दा “कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन ।

२७. अधिकारी, गोविन्दप्रसाद ( २०५५ ). कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. , त्रि.वि. ।

२८. अर्याल, वेदप्रसाद ( २०५८ ) . कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. , त्रि.वि. ।

२९. खनाल, दुर्गा (२०५८). कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन , अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

३०. पोखेल , टिकाराम (२०५५). माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन , अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. , त्रि.वि. ।

३१. पौडेल, नारायणी (२०५८). कक्षा ४ र ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषण, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. , त्रि.वि. ।

३५. वाग्ले , राधाकुमारी (२०५५). कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. , त्रि.वि. ।